# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २५ | काठमाडौं | आइतबार, ०४ जेठ २०८२ | Prabhab National Daily | Sunday, May 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**हावाहुरीबाट जोगिने उपाय**

- घरलगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरीकाले राखौं ।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं। विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारी साधन चलाइरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


आज सकिँदै सगरमाथा संवाद

# गम्भीर जलवायु प्रभावबारे चिन्ता

- दोस्रो दिन शनिबार विभिन्न विषयमा समानान्तर सत्र सम्चालन
- जलवायुको असर हिमाली क्षेत्रमा धेरै रहेको भन्दै क्षतिपूर्तिका लागि विश्वको ध्यानाकर्षण गराउन विज्ञहरूको जोड
- बढ्दो विश्वव्यापी तापक्रमले गम्भीर जलवायु प्रभावहरु निम्त्याइरहेकोप्रति ध्यानाकर्षण
- नेपालजस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय मुलुकहरूबीच साझा धारणा बनाउने लक्ष्य

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबारदेखि राजधानीमा जारी सगरमाथा संवाद कार्यक्रम आज सकिँदै छ। जलवायु परिवर्तनको मुद्दालाई उठाउन सरकारले यो कार्यक्रम आयोजना गरेको हो। 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' मूल नारा रहेको सगरमाथा संवादबाट नेपालजस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय मुलुकहरूबीच साझा धारणा बनाउने लक्ष्य राखिएको छ।

कार्यक्रमको दोस्रो दिन शनिबार विभिन्न विषयमा समानान्तर सत्र सम्पन्न भएका थिए। जसमा सहभागी सरोकारवाला विज्ञहरूले तुलनात्मक रूपमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढी हुने गरेको उल्लेख गर्दै क्षतिपूर्तिका लागि विश्वको ध्यानाकर्षण गराएका छन्।




## प्रधानमन्त्री र कोप–२९ अध्यक्षबीच भेट

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीसँग कोप-२९ का अध्यक्ष तथा अजरवैजानका राष्ट्रपतिका जलवायु मामिला प्रतिनिधि मुख्तर बाबायेभले शनिबार शिष्टाचार भेट गरेका छन्।

प्रधाननमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले विश्वव्यापी साझा मुद्दा बनेको जलवायु परिवर्तनका सवालमा आपसी सहकार्यका माध्यमबाट चुनौतीको सामना गर्नुपर्नेमा जोड दिँदै यसका लागि अजरवैजानले गर्दै आएको अगुवाइप्रति धन्यवाद दिए। उनले हिमालदेखि समुद्रसम्मको अवधारणामा ठूला मुलुकलाई पनि ध्यानाकर्षित गराउँदै असंलग्न राष्ट्रहरूले साझा प्रयास अगाडि बढाउनुपर्ने बताए।

सगरमाथा संवादका लागि उक्त मुलुकबाट नेपाल आएका विशेष प्रतिनिधि बाबायेभले नेपालले हिमालको रक्षा र वातावरणीय सुरक्षाका लागि गरेको सगरमाथा संवादका लागि बधाइ दिँदै यसका सन्देशहरू विश्व समुदायसमक्ष पुऱ्याउने बताए।

क्रमशः पृष्ठ २ मा

# ओलीको कार्यशैलीमा कांग्रेस सांसदहरूको 'अब्जेक्सन'

- गभर्नर नियुक्ति ढिलाइमा प्रधानमन्त्री ओलीको भूमिकाप्रति आशंका
- दुई सांसदमाथिको मुद्दाले कांग्रेस सांसदहरु 'फायर'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सांसद तथा पूर्वमन्त्री मोहनबहादुर बस्नेतविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको र अर्की सांसद माया राई सहकारी ठगी प्रकरणमा पक्राउ परेर हिरासतमुक्त भएको पृष्ठभूमिमा बसेको नेपाली कांग्रेस संसदीय दलको बैठकमा सांसदहरूले सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन्। नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली सत्ता गठबन्धनको मूल मर्मविपरीत एकतर्फी ढंगले अघि बढेको भन्दै कांग्रेस सांसदहरू असन्तुष्ट देखिएका हुन्।

सांसदहरूले प्रधानमन्त्री ओलीको धेरै विश्वास नगर्न पार्टी पनि सभापति शेरबहादुर देउवालाई सुझाएका छन्। सांसदहरू माया राई, शंकर भण्डारी, पूर्णबहादुर तामाङ, मञ्जु खाणलगायतले कांग्रेस सांसदहरूलाई फसाउनेगरी ओली अघि बढेको भन्दै चिन्ता पनि प्रकट गरेको एक सांसदले बताए।

'माननीय माया राई हालै रिहा हुनुभयो। उहाँले बैठकमा आफ्नो कुरा राख्नुभयो। त्यसबेला पार्टी संसदीय दलको बैठकको माहोल दुःखले भरिएको थियो,' उनले भने, 'कतै हाम्रो निर्दोष नेताहरू त फसाइरहेको छैन ? यस्तो प्रश्न उठ्यो।'

जवाफमा देउवाले राजनीतिमा यस्तो हुने र सामान्य रूपमा लिनुपर्ने बताएका थिए। पार्टी संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरेले देउवाको कुरा उद्धृत गर्दै भने, 'उहाँहरूको कुरा पनि उठ्यो, उहाँहरूको विषयमा पनि सांसदहरूले कुरा उठाउनुभयो। त्यो विषयमा सभापतिज्यूले राजनीतिमा यस्तै हुन्छ, हामी पनि जेल बसेर आएका हौं, थुनामा बसेर आएका हौं, ठूलो अर्थमा लिनु हुँदैन भन्नुभयो।'

क्रमशः पृष्ठ २ मा


**शनिबार नयाँ बानेश्वरस्थित संसद् भवनमा बसेको कांग्रेस संसदीय दलको बैठक।** *तस्बिर: रासस*

> एकातिर गर्नुपर्ने काम सात दिनभित्र भएन भने कारबाही हुन्छ भनेर कानुन बनाउने, अर्कोतर्फ कुनै पनि व्यक्तिको राजीनामा एक महिनासम्म अड्काएर राख्न मिल्छ ?
>
> ■ **हृदयराम थानी**
> सांसद, नेपाली कांग्रेस

**सन्दर्भ: वैदेशिक रोजगार**

# हङकङमा 'वर्किङ र घरेलु भिसा' खुलाउन कूटनीतिक पहल गर्ने श्रममन्त्रीको प्रतिबद्धता



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले हङकङले सन् २००५ देखि रोक लगाएको वर्किङ र घरेलु कामदार भिसा पुनः खुलाउन कूटनीतिक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सिंहदरबारस्थित मन्त्रालयमा गैरआवासीय नेपाली संघकी महिलासचिव राधिका (टीका) गुरुङको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग शुक्रबार भएको भेटमा उनले यस्तो प्रतिबद्धता जनाएका हुन्।

सरकारले नयाँ-नयाँ श्रम गन्तव्यको खोजी गरिरहेको बेला हङकङ पनि एक आकर्षक गन्तव्य हुने भएकाले सरकारीस्तरबाटै कूटनीतिक पहल अघि बढाउने मन्त्री भण्डारीको भनाइ छ। 'यसअघि हामीले लगातार पहल गरेकै कारण सीपमा आधारित भिसा खुला भएको छ, बिस्तारै वर्किङ र घरेलु महिला कामदारका लागि पनि भिसा खोल्ने भन्ने विषयमा हङकङसँग मात्रै कुरा गरेरभन्दा पनि बेइजिङसँग पनि कूटनीतिक पहल अघि बढाउनु आवश्यक छ, त्यसका लागि सरकार पनि सचेत छ,' उनले भने। यसअघि सन् २०२४ को जुलाईबाट हङकङले दक्ष कामदारलाई सीपमा आधारित भिसा खुला गरेको थियो।

भेटमा संघकी महिलासचिव गुरुङले एनआरएनए हङकङले पटक- पटक वर्किङ भिसा खुला गर्नका लागि कूटनीतिक पहल गर्न सरकारसँग अनुरोध गर्दै आएको स्मरण गराराइन्। 'हाल हङकङमा ३० हजारको हाराहारीमा नेपाली छन्, हावापानीदेखि सुरक्षा र तलबको हिसाबले पनि नेपाली युवाहरूका लागि हङकङ रोजगारीको आकर्षक गन्तव्य मुलुक भएकाले त्यहाँ भिसा खुलाउन तत्काल कूटनीतिक पहल गर्नुपर्छ,' उनले भनिन्।

क्रमशः पृष्ठ २ मा

## रसियामा पुनः श्रम स्वीकृति खुला गर्न माग

गैरआवासीय नेपाली संघले रसियाका लागि पुनः श्रम स्वीकृति खुला गर्न माग गरेको छ। संघकी महिलासचिव राधिका गुरुङ नेतृत्वको प्रतिनिधिमण्डलले शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई भेटेर यस्तो माग राखेको हो। उक्त भेटमा प्रतिनिधिमण्डलले लामो समयदेखि रसियामा पुनः श्रम स्वीकृति बन्द अवस्थामा रहेको भन्दै तत्काल त्यसलाई खुला गर्न श्रममन्त्री भण्डारीसमक्ष अनुरोध गरेको थियो। संघका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राजेन्द्रकुमार राउतले तत्कालीन अवस्थालाई ध्यानमा राखी नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयमा पुनरवलोकनका लागि पहल गरी श्रम स्वीकृति कार्य तत्काल खुला गरिदिन अनुरोध गरेका थिए।

जवाफमा मन्त्री भण्डारीले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आफू सकारात्मक रहेकोले कहाँ के भएर रोकिरहेको हो पुनः आवश्यक पहल गर्ने बताए।

वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान गर्दा युद्धरत देश रुसमा सेनामा सहभागी हुनसक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुनसक्ने मानवीय जोखिम रहेको भन्दै २०८० पुस १९ मा वैदेशिक रोजगार विभागले रुसका लागि श्रम स्वीकृति दिन रोकेको थियो। यस सम्बन्धमा संघले पटक-पटक श्रम तथा परराष्ट्र मन्त्रालयको समेत ध्यानाकर्षण गराउँदै आएको छ।

सोही भेटका क्रममा पछिल्लो समय रोमनिया, क्रोयसियालगायतका युरोपेली मुलुकमा आकर्षक काम र तलबको प्रलोभन देखाएर ठगी गर्ने र उनीहरूलाई अलपत्र पार्ने गरेको विषयमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराइएको संघले जानकारी दिएको छ।







पृष्ठ १ बाट क्रमशः

## ओलीको कार्यशैलीमा...

बैठकमा सांसदहरू हृदयराम थानी, रामहरि खतिवडा, सरिता प्रसाईं, राजेन्द्र बजगाईंलगायतले गभर्नर नियुक्तिमा ढिलाइ भएको भन्दै आपत्ति जनाएका थिए । राजनीतिकरूपमा अविश्वास जगाउनेगरी गभर्नर नियुक्तिलाई गिजोलिएको भन्दै ओली सरकारलाई अब धेरै विश्वास गर्न नसकिने परिस्थिति आएको उनीहरूको भनाइ थियो ।

'एकातिर गर्नुपर्ने काम सात दिनभित्र भएन भने कारवाही हुन्छ भनेर कानुन बनाउने, अर्कोतर्फ कुनै पनि व्यक्तिको राजीनामा एक महिनासम्म अड्काएर राख्न मिल्छ ? नेतृत्वले कानुनअनुसार नचल्दा हामीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, सर्वोच्च अदालतका प्रधानन्यायाधीशसम्मलाई हटाएको नजिर छ,' सांसद थानीले भने, 'भट्टको राजीनामा रोक्ने डिपुटी गभर्नरमाथि किन सरकारले एक्सन लिन सकेन । गम्भीर आशंका छ ।'

सांसद थानीले गभर्नरका लागि भन्दै राष्ट्र बैंकका निर्देशकबाट राजीनामा गरेका गुणाकर भट्टको राजीनामा स्वीकृत नभएको प्रसंग उप्काएका हुन् । राजीनामा स्वीकृत नगर्ने कायममुकामय गभर्नर डा. नीलम ढुंगाना हुन् । उनी एमालेनिकट मानिन्छन् । नीलमलाई प्रधानमन्त्री ओलीले गभर्नर बनाउन चाहेका थिए । उनैले राजीनामा स्वीकृत नगर्दा भट्ट असहज परिस्थितिमा छन् । भट्टको राजीनामालाई ढुंगानाले स्वीकृत नगर्ने देखेपछि कांग्रेस सभापति देउवाले अर्थविद् डा. विश्व पौडेलको नाम अघि सारेका थिए । तर, अझैसम्म उनी गभर्नरमा सिफारिस नै भएका छैनन् ।

सिफारिस समिति एमाले उपाध्यक्षसमेत रहेका अर्थमन्त्री विष्णु पौडेलको अध्यक्षतामा छ । यो समितिले पौडेलको नाम बैठक बसेर सिफारिस नै नगरेपछि कांग्रेस सांसदहरूले ओलीको भूमिकामाथि नै शंका गर्न थालेका छन् । समितिले गभर्नरका लागि कम्तीमा एकजना डिपुटी गर्भनरसहित तीन जनाको नाम सिफारिस गर्नुपर्ने व्यवस्था कानुनमा छ । त्यसपछि मात्रै मन्त्रिपरिषद्ले त्यसमध्येबाट एक जनालाई गभर्नर नियुक्त गर्ने निर्णय गर्छ ।

तर, यी सबै प्रक्रिया अघि बढेको छैन । यस्तो अवस्थामा बसेको कांग्रेस संसदीय दलको बैठकमा गभर्नर नियुक्तिमा ओलीले गरेको विलम्बलाई गम्भीर रूपमा लिनुपर्ने मत सुनिएको छ ।

यसबाहेक बैठकमा सांसद रामहरि खतिवडाले समानुपातिक र समन्यायिक ढंगले बजेट आउनुपर्ने बताए । उनले आफ्नो क्षेत्रमा मात्रै प्राथमिकता दिएर बजेटको समानुपातिक वितरण नभएमा बजेट पास नगर्ने सम्मको चेतावनी दिए । 'यसअघि सांसदहरूले बोलेअनुसार कहिल्यै भएन । अहिले पनि सांसदहरूको योजनालाई बेवास्ता गर्ने हो भने गठबन्धन सरकार भए पनि बजेट पास हुन्न भन्नेसम्मका धारणा आएका छन्,' उनको भनाइ थियो ।

सरकारले तीन करोडभन्दा माथिको संघ, एक करोडसम्मको प्रदेश र त्यसभन्दा कम रकमको योजना स्थानीय तहलाई दिनेगरी लिएको नीतिगत निर्णयको पनि विरोध भएको थियो । सांसद थानीले एकातिर सरकारले बजेट छैन भन्ने, अर्केतर्फ तीन करोडभन्दा तलको योजना संघबाट हुँदैन भन्ने र नयाँ योजनामा बजेट राख्दा डीपीआर अनिवार्य गरेको हुनुपर्ने जस्ता प्रावधान अव्यवहारिक रहेको बताएका थिए । बजेट नगइकन कसरी योजनाको डिपीआर हुन्छ ? उनको प्रश्न थियो ।

■■■

## गम्भीर जलवायु...

'हिमाली क्षेत्रमा हानि र नोक्सानी सम्बोधन' विषयक समानान्तर सत्रका वक्ताहरूले जलवायुका असरसँग जुध्न अनुकूलनका कार्यक्रम परिचालन गर्नुपर्नेमा जोड दिए । उनीहरूले हानिनोक्सानीको प्रमाणित अनुसन्धान स्पष्ट हुनुपर्ने र कोषमा सहज पहुँचका लागिसमेत व्यवस्था गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा हानि तथा नोक्सानी सम्बोधन कोषका कार्यकारी निर्देशक इब्राहिमा शेख डिओङले मुख्य वक्तव्य दिएका थिए । त्यस्तै इसिमोडका जलवायु तथा वातावरणीय जोखिम वरिष्ठ सल्लाहकार डा. अरुणभक्त श्रेष्ठ, भारतको विज्ञान तथा प्रविधि विभागका डा. अनिलकुमार गुप्ता, थाइल्याण्डको क्राइसिस ब्युरो युएनडिपीका कार्यक्रम विशेषज्ञ (विश्वव्यापी) राजेश शर्मा र ब्राजिलको हेनरिक बोल फाउन्डेसनका सामाजिक-वातावरणीय न्याय कार्यक्रमकी संयोजक मौरिन सन्टोसले आफ्ना अनुभव आदानप्रदान गर्दै हिमाली क्षेत्रमा जलवायुले गरेका असर र त्यसको हानिनोक्सानी सम्बन्धमा आफ्ना धारणा व्यक्त गरेका थिए ।

बढ्दो विश्वव्यापी तापक्रमले गम्भीर जलवायु प्रभावहरू निम्त्याइरहेको छ । यसले गर्दा बाढी, डढेलो, खडेरीका कीर्तिमान तोडिने क्रम देखिएको छ । यी घटनाहरूले कमजोर अर्थतन्त्रहरूमा ठूलो हानि र नोक्सानी पुऱ्याएको छ, जुन यससँग जुध्न संघर्ष गरिरहेका छन् ।

विकासशील देशहरूको दशक लामो वार्तापछि, हानि र नोक्सानी कोष कोप-२७ मा स्थापना भएको थियो र कोप-२९ मा सञ्चालनमा आएको थियो । नेपालजस्ता देशहरूले बाढी, पहिरो, हिमनदी ताल विष्फोट बाढी, आगलागी, तातो लहर र बढ्दो तापक्रम, हिमनदी पग्लने र जैविक विविधताको क्षतिजस्ता बिस्तारै आउने घटनाहरूजस्ता चरम मौसमी घटनाहरूबाट पहिले नै गम्भीर जलवायुप्रेरित हानि र नोक्सानीको सामना गरिरहेका छन् । क्षमता सीमितताका कारण, हानि र नोक्सानी कोषमा द्रुत, सरलीकृत र प्रत्यक्ष पहुँच पनि कमजोर समुदायहरूले समयमै समर्थन प्राप्त गर्न सुनिश्चित गर्न महत्त्वपूर्ण हुने सरोकारवालाहरूको भनाइ छ ।

शनिबार नै भएको 'हिमाली क्षेत्रको जोखिम र मूल्यांकन' विषयक समानान्तर सत्रमा जलवायु परिवर्तनको असर न्यूनीकरण उपाय अवलम्बन नगरेमा हिमाली क्षेत्रमा बसोबास गर्ने मानिस अझै बढी जोखिममा रहने बताएका छन् । चिनियाँ विज्ञान प्रतिष्ठान चीनका निर्देशक डा. टाओ वाङले विश्वव्यापीरूपमा बढिरहेको तापमानका कारण हिमाली क्षेत्र बढी प्रभावमा परेको बताए । ज्युरिक विश्वविद्यालय, स्वीट्जरल्याण्डका वरिष्ठ अनुसन्धान सहयोगी डा. साइमन एलनले जलवायु परिवर्तनको असरसँग जुध्नका लागि स्थानीयस्तरको क्षमता अभिवृद्धिमा जोड दिए ।

बिजिजी इञ्जिनियरिङ इन्क क्यानडाका वरिष्ठ भू-वैज्ञानिक इञ्जिनियर एमिली मार्कले जलवायु परिवर्तनको असरका कारण वातावरणीय प्रणाली र विकासलाई असर पुग्ने बताए । केइयो विश्वविद्यालयका जापानका प्रोफेसर राजीव शाँले विश्वभरका चुनौतीलाई सम्बोधन गर्न स्थानीयस्तरदेखि वैश्विकस्तरसम्मको सहकार्य र विविधताको आवश्यकता जोड दिए ।

भू-विज्ञान अनुसन्धान केन्द्र जर्मनका प्रमुख डा. निल्स होभियसले जलवायु अनुकूलनका लागि प्राकृतिक प्रकोपहरूको पूर्वानुमान प्रणालीहरूको विकास, जलवायु परिवर्तनका प्रभावको अनुगमन र वातावरणीय दिगोपनका उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिए । पहाड तथा हिमाली क्षेत्रहरू पृथ्वीका सबैभन्दा गतिशील र नाजुक प्रणालीहरूमध्ये पर्ने र यी क्षेत्रहरू पहिरो, बाढी, हिमताल विस्फोट, हिउँपहिरोजस्ता शृंखलाबद्ध प्रकोपहरूको जोखिममा झनै संवेदनशील बन्दै गएको उनीहरूको जोड रहेको छ ।

जलवायु परिवर्तनले यस्ता जोखिमलाई थप तीव्र बनाउने, जसले पूर्वाधार हिमाली समुदायको जीवन र जीविकोपार्जन र तल्लो क्षेत्रमा बसोबास गर्ने अर्बौं मानिसलाई जोखिममा पार्नसक्ने भन्दै वैज्ञानिकले चिन्ता व्यक्त गरेका छन् ।

हरेक दुई वर्षमा आयोजना गरिने भनिएको यो संवादलाई एउटा अन्तर्राष्ट्रिय फोरमका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको छ । नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालले समसामयिक विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध एजेण्डामा छलफल गरी समाधानका लागि साझा धारणा बनाइ कार्यान्वयन गर्ने संवादको प्रमुख लक्ष्य रहेको बताए । संवादमा भारत, चीन र बंगलादेशका मन्त्रीस्तरका प्रतिनिधिका साथै कोप-२९ को अध्यक्ष मुलुक अजरबैजानका राष्ट्रपतिका प्रतिनिधिलगायत १७५ विदेशी अतिथि र त्यत्तिकै संख्यामा स्वदेशी प्रतिनिधि सहभागी छन् । संवादमा प्लेनरी, समानान्तर सत्र, गोलमेच र विभिन्न विषयमा साइड इभेन्ट भइरहेका छन् ।

जलवायु न्यायका लागि नेपालको आवाज अझ सशक्त बनाउने र थप जलवायु वित्त, प्रविधिमाथिको पहुँच र क्षमता विकासका लागि अवसरको खोजी गर्ने तथा जलवायु परिवर्तन विश्वव्यापी समस्या भएको, यस मुद्दामा धनी राष्ट्रको बढी भूमिका भएको र निम्न आय भएका राष्ट्र बढी जोखिममा रहेको हुँदा साझा समस्या समाधानका लागि साझा प्रयास गर्न बहुआयामिक प्रयासमा नेपालले नेतृत्व लिने संवादको लक्ष्य रहेको मुख्यसचिव अर्यालको भनाइ छ ।

■■■

## हङकङमा...

हङकङमा घरेलु महिला कामदारको माग अत्यधिक रहे पनि भिसा नपाउँदा गैरकानुनी र अवैधानिक बाटोबाट महिलाहरू जाने गरेको सचिव गुरुङले जानकारी गराइन् । 'घरेलु कामदारको ठूलो माग पनि छ,' उनले भनिन्, 'जोखिम मोलेर खाडी गइरहेका महिला दिदीबहिनीहरूका लागि हङकङमा बाटो खुला गर्न सके निकै राम्रो अवसर छ तर वैधानिकरूपमा जान नपाएपछि पछिल्लो समय महिलाहरू दलालमार्फत चर्को रकम तिरेर गैरकानुनीरूपमा हङकङ जान थालेका छन् यसले ठूलो समस्याको संकेत गरिसकेको छ ।' यसलाई समयमै रोक्न नसके भोलि ठूलो समस्या भोग्नुपर्ने उनले सचेत गराइन् ।

जवाफमा मन्त्री भण्डारीले आफू पनि भिसा खुलाउनुपर्छ भन्नेमा गम्भीर रहेको उल्लेख गरे । 'रोजगारीका लागि भिसा खुलाउन म सकारात्मक छु, सरकार गम्भीर छ तर त्यसमा सुरक्षाको ग्यारेण्टी पहिलो सर्त हो,' उनले भने, 'हामीले हाम्रा चेलीलाई काममा विदेश पठाउँदै छौं भने उनीहरूको सुरक्षा पहिलो सर्त हो । यसका लागि हामीले पनि हाम्रो तर्फबाट तयारी गर्नुपर्छ ।'

अहिले युएईमा 'पाइलट प्रोजेक्ट' बनाएर घरेलु महिला कामदार पठाउने योजना बनाएको पनि उनले जानकारी दिए । उक्त योजनामा घरमा काम गर्न जाने महिला कामदारको सहजता र सुरक्षाका अधिकत्तम सर्तहरू रहने उनको भनाइ छ । 'त्यो सफल भए अन्य देशमा पनि त्यही अभ्यास अनुशरण गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ,' मन्त्री भण्डारीले भने ।

एनआरएनए राष्ट्रिय समन्वय परिषद् हङकङका अध्यक्ष गोकर्णप्रसाद ढकालले हङकङमा नेपाली युवाहरूका लागि सुरक्षित, मर्यादित र समुचित तलबसहितको रोजगारी उपलब्ध गराउनसक्ने सम्भावना रहेको हुँदा नेपालको अर्थतन्त्रमा रेमिटयान्समार्फत पनि ठूलो योगदान हुनसक्ने उल्लेख गरे । 'कामदार भिसा खुलाउने सन्दर्भमा नेपाल र हङकङ सरकारबीच द्विपक्षीय श्रम सम्झौता गर्न सकिने सम्भावना छ, जसले दीर्घकालीन समाधानको बाटो खोल्न सक्छ,' उनले भने ।

अन्य मुलुकबाट हङकङ आउने कामदार हरूलाई अवसर दिइरहेकाले नेपालका लागि पनि समान अवसर उपलब्ध गराउन दबाब आवश्यक रहेकोमा उनले जोड दिए । हङकङ सरकारसँग विश्वास निर्माण गर्न एनआरएन हङकङ, दूतावास तथा नेपाल सरकारबीच समन्वयात्मक पहल अपरिहार्य रहेको ढकालको भनाइ थियो ।

भेटमा संसदीय समिति, मानव अधिकार आयोग तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराई राष्ट्रिय नीति निर्माण तहमासमेत छलफलको एजेण्डा बनाउन जरुरी रहेकाले आवश्यक पहल अघि बढाउन मन्त्री भण्डारीसमक्ष अनुरोध गरिएको थियो ।


# Pakahamainpur Rural Muncipality
## Office of the Muncipal Executive
Pakahamainpur, Parsa

## Intention for Award of Contract

***Date of Publication: 18th May 2025***

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Economic National Daily Newspaper on 8th April 2025. Pakaha Mainpur Rural Municipality intends to award the contract to the same.

| S.N. | Name of Contract/Contract No. | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | Fabrication of steel parts and transportation up to road heads of Bajaruwa Ghat double span trail Bridge/01/PMRM/PAR/NCB/G/2081/082 | Bhagawati Steel Ind. P. Ltd. Nitanpur chowk, Chhatapipra, Bara. | **2,310,012.85** |

**Chief Administrative Officer**

# चौरजहारी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

## क्याटलग सपिङ विधिबाट Backhoe Loader खरिद गर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशन मिति : २०८२ जेठ ४ गते)**

यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको लागि Backhoe Loader आवश्यक परेकोले देहाय बमोजिमको Backhoe Loader सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादन कम्पनी वा सोको आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक (Manufacturer) तथा आधिकारिक बिक्रेता (Importor) हरूले तपसिलमा उल्लेखित कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन २०८२ जेठ १० गते कार्यालय समयभित्र तपसिल बमोजिम कागजात सिलबन्दी गरी यस कार्यलयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. नवीकरण गरेको फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
४. खरिद कार्वाहीमा नपरेको स्व: घोषणा पत्र
५. Technical Specification प्रमाणित गर्ने रङ्गिन ब्रोसर (Catalouge)
६. Warranty तथा Guarantee सम्बन्धी कागजातहरू
७. यस कार्यालयबाट प्रमाणित गरी जारी भएको Technical Specification भरी पेस गर्नुपर्ने
८. यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सम्बन्धित उत्पादकको Manufacturer's Authorization Letter
९. अन्य आवश्यक कागजातहरू

**आवश्यक सवारी साधनको विवरण**

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | Backhoe Loader | १ | स्कीकृत Technical Specification यस कार्यालयको बेवसाइट *www.chaurjaharimun.gov.np* बाट डाउनलोड गरी हेर्न सकिनेछ । |


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ०४ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **वृष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मिथुन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **कन्या** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **धनु** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | रोकिएका काम सम्पादन हुनेछ । |
| **मीन** | सुखद समाचारले उत्साह जगाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ जेठ, २०८२ (१८, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५९ | १३७.१९ |
| युरो | १ को | १५२.९१ | १५३.५८ |
| पाउन्ड स्टर्लिङ | १ को | १८१.४६ | १८२.२६ |
| स्विस फ्रैन्क | १ को | १६२.९३ | १६३.६४ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५१ | ८७.९० |
| क्यानाडियन डलर | १ को | ९७.६६ | ९८.०९ |
| सिङ्गापुर डलर | १ को | १०५.१८ | १०५.६४ |
| जापानी येन | १० को | ९.३६ | ९.४० |
| चिनियाँ युआन | १ को | १८.९४ | १९.०३ |
| साउदी अरब रियाल | १ को | ३६.४२ | ३६.५८ |
| कतारी रियाल | १ को | ३७.४८ | ३७.६४ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१९ | ३७.३५ |
| मलेसियन रिङ्गेट | १ को | ३१.८९ | ३२.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.७७ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १४.०३ | १४.०९ |
| डेनिस क्रोनर | १ को | २०.५० | २०.५९ |
| हङकङ डलर | १ को | १७.४९ | १७.५७ |
| कुवेती दिनार | १ को | ४४४.२७ | ४४६.२२ |
| बहराइन दिनार | १ को | ३६२.३३ | ३६३.९२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मेलम्चीको पानी बालाजु र नागार्जुन क्षेत्रमा वितरण गरिँदै

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले काठमाडौंको बालाजु र नागार्जुन नगरपालिकामा मेलम्चीको पानी वितरणका लागि प्रक्रिया सुरु गरेको छ ।

निर्देशनालयले काठमाडौं महानगरपालिका-१६ अन्तर्गत बालाजु, बसपार्क, चापाकोट, च्याङली, लाजिमपाट, बेलकोटे, शिवपुरी, खोकन तथा नागार्जुन नगरपालिका अन्तर्गतको वडा नं १ र २ का कागेश्वरी मनोहरा, नागार्जुन वन, वृन्दावन महादेवलगायतका क्षेत्रमा मेलम्चीको पानी वितरणका लागि प्रक्रिया सुरु गरेको हो ।

काठमाडौं उपत्यकामा पानीको आपूर्तिमा थप सुधार गर्नु र नागरिकलाई सफा र प्रशोधन गरिएको पानी उपलब्ध गराउने उद्देश्यले बालाजु र नागार्जुन नगरपालिकामा मेलम्चीको पानी वितरणका लागि प्रक्रिया सुरु गरिएको आयोजना कार्यान्वयन निर्देशनालयका प्रमुख टीकाबहादुर चौधरीले जानकारी दिए ।

उनले भने, 'काठमाडौं उपत्यकामा मेलम्चीको पानी वितरण गर्ने अभियान र मन्त्रीज्यूको निर्देशनपश्चात् हामीले उक्त कार्यका लागि शुक्रबार बोलपत्रसमेत आह्वान गरेका छौं । नागरिकलाई सफा र प्रशोधन गरिएको पानी उपलब्ध गराउने हाम्रो उद्देश्य हो ।'

वितरण सञ्जाल सुधार कार्य, रिङ रोड, बलाजुअन्तर्गत कूल पाइप लम्बाइ तीन हजार ८११ मिटर रहने जनाइएको छ । बालाजु टयांकीबाट नागरिकलाई सफा र प्रशोधन गरिएको पानी आपूर्ति गरिने काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

उक्त सेवा सञ्चालनपश्चात मेलम्ची परियोजनाअन्तर्गत २७० मिलियन लिटर पानी प्रतिदिन काठमाडौंको विभिन्न भागमा आपूर्ति गर्न सकिने अनुमान गरिएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडका अनुसार, पानीको वितरणमा आएको ढिलाइलाई अब अन्त्य गर्दै, काठमाडौंमा पानीको आपूर्ति प्रक्रिया व्यवस्थितरूपमा अघि बढाइ काठमाडौं उपत्यकाभित्रको पानी संकटलाई एक हदसम्म समाधान गर्न मद्दत पुऱ्याउने खानेपानी मन्त्रालयले जनाएको छ । उक्त प्रक्रिया सञ्चालनसँगै काठमाडौं महानगरपालिका बालाजु र नागार्जुन नगरपालिकाका नागरिकहरूले आगामी दिनहरूमा नियमितरूपमा मेलम्चीको प्रशोधित पानी प्राप्त गर्ने छन् ।

# छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण माग

**पर्वत–** पर्वतको पैंयु गाउँपालिकाले सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी अनिवार्यरूपमा सामुदायिक विद्यालयमा भर्ना गर्न दिएको निर्देशन पालना भए नभएको परीक्षण गर्न थालेको छ ।

गाउँपालिकाले शैक्षिक सत्र २०८२ सुरु भएपछि पालिकाभित्र कार्यरत सार्वजनिक ओहोदाका व्यक्तिहरूले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण पेस गर्न ताकेता गरेको हो । सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि, कर्मचारी, प्रधानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा विद्यालय कर्मचारीलाई आफ्ना छोराछोरी, नातिनातिना सरकारी विद्यालयमा भर्ना गरेको प्रमाण तीन दिनभित्र पेस गर्न भनेको हो ।

गाउँ कार्यपालिकाले शैक्षिक सत्र २०८० देखि नै अनिवार्यरूपमा सामुदायिक विद्यालयमा पठनपाठन गराउनुपर्ने निर्णय गरेको भए पनि कार्यान्वयन नभएपछि यस वर्ष प्रमाण नै पेस गर्न लगाइएको प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिए । आइतबारभित्र प्रमाण पेस गर्नुपर्ने उनको भनाइ छ ।

गैरेका अनुसार सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि पालिकाले यस्तो निर्णय गरेको हो । जिम्मेवार पदाधिकारी, स्वयं प्रअ र शिक्षककै छोराछोरीले निजी विद्यालयमा पठनपाठन गराउँदा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि हुन नसकेको गुनासो आएपछि पालिकाले यस्तो निर्णय गरेको उनको भनाइ छ । पैंयु गाउँ कार्यपालिकाको २०८० चैत २९ गतेको बैठकले अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गराउनुपर्ने निर्देशन दिएको थियो ।

सार्वजनिक पद धारण गरी पालिकाभित्र स्थायी वा अस्थायीरूपमा बसोबास गर्दै आएका व्यक्तिको सन्तान चालु शैक्षिक सत्रदेखि अनिवार्यरूपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पठाउनुपर्ने बाध्यकारी नियम लागू गरिएको गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले जानकारी दिए । उनका अनुसार पालिका अध्यक्ष र उपाध्यक्षले गाउँपालिकाको कार्यालयमा, वडाध्यक्ष र सदस्यहरूले सम्वन्धित वडा कार्यालयमार्फत पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा, कर्मचारीहरूले प्रशासन शाखामा, स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीलाई पालिकाको स्वास्थ्य शाखामा प्रमाण पेस गर्न भनिएको छ ।

यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पदाधिकारी, शिक्षक र विद्यालय कर्मचारीले सम्बन्धित विद्यालयका प्रअमार्फत पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रमाण पेस गर्न भनिएको अध्यक्ष ठकुरीले बताए ।

सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति वा शिक्षकको रूपमा रहेका हुन्छन् तर आफ्नो सन्तान संस्थागत विद्यालयमा पठाउँदै आएका छन् । प्रमुख प्रशासकीय अधिकृत गैरेले सचेत अभिभावकले विद्यालयको शैक्षिक प्रणाली र व्यवस्थापनको निगरानी गर्ने भएकाले शिक्षाको गुणस्तरमा सुधार हुने विश्वास व्यक्त गरे । *रासस*

# माध्यामिक तहमा स्वास्थ्य विषयलाई अनिवार्य गर्न माग

**काठमाडौं (प्रस)–** किशोर किशोरीलाई सही मार्ग अघि बढाउन व्यवस्थितरूपमा यौनशिक्षा दिनुपर्नेमा जोड दिइएको छ ।

बियोण्ड बेजिङ समितिद्वारा शुक्रबार यहाँ आयोजित 'बृहत्तर यौनिकता शिक्षा' विषयक अन्तरक्रिया कार्यक्रममा समितिकी उपाध्यक्ष डा. लक्ष्मी तामाङले कक्षा ६, ७ र ८ मा स्वास्थ्य तथा शारीरिक शिक्षा अनिवार्य गरिए पनि लाजका कारण विद्यार्थीले नबढ्ने र शिक्षकले पढाउन नसक्ने वातावरणले समस्या भइरहेको बताइन् । कक्षा ९ र १० मा भने स्वास्थ्य शिक्षासम्बन्धी विषय ऐच्छिक वर्गमा समेटिएकाले सबैले पढ्न पाउने वातावरण नरहेको उनले जानकारी दिइन् ।

माध्यमिक तहसम्म स्वास्थ्य शिक्षा अनिवार्य गरिनुपर्नेमा अभियानकर्मी तामाङको जोड रहेको थियो । किशोर किशोरीलाई यौनशिक्षा दिएर सचेत बनाउन सके यौनरोगलगायत विकृतिमा नफस्ने भएकाले यस्ता विषयलाई सञ्चारमाध्यमले जागरण अभियान चलाउनुपर्ने उनको भनाइ थियो ।

# गम्भीर दीर्घरोगीको प्रशामक सेवाका लागि रणनीति स्वीकृत

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले जीवन सीमित भएका जटिल बिरामीको स्याहार तथा उपचार लक्षित गरी 'नेपाल प्रशामक सेवा राष्ट्रिय रणनीति २०२५-२०३५' स्वीकृत गरेका छन् ।

क्यान्सर, हृदय रोग, फोक्सो रोगी, अल्जाइमर्स, पार्किन्सन्स, मिर्गौलासम्बन्धी रोगजस्ता दीर्घकालीन जीवनलाई चुनौती दिने अवस्थामा प्रदान गरिने प्रशामक सेवाका लागि सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थालाई तयार पार्ने उद्देश्य रणनीतिले बोकेको मन्त्रालयले जनाएको छ । नेपालमा क्यान्सर रोगीहरूका लागि यस्तो सेवा भए पनि जीवन सीमित भएका अन्य बिरामी तथा परिवारका लागि स्वास्थ्य समस्या र त्यससँग जुध्नसक्ने गरी प्रशामक सेवा उपलब्ध छैन ।

मन्त्री पौडेलले स्वीकृत गरेको रणनीतिले स्वास्थ्य संस्थाहरूले त्यस्ता जटिल र उपचार सम्भव नदेखिएका बिरामीहरूको स्याहार, हेरचाह तथा परिवारलाई समस्यासँग जुध्न सहायता गर्ने अवस्थामा जोड दिएको छ । रणनीतिले यसका लागि हरेक तहका स्वास्थ्य संस्थालाई जनशक्ति निर्माण तथा सीप अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । यसैगरी, हरेक स्वास्थ्य संस्थाबाट आवश्यक औषधि तथा स्तरीय सेवा दिने उद्देश्य पनि रणनीतिले बोकेको छ ।

रणनीति स्वीकृत भएसँगै अब धेरै नागरिकले भोग्दै आइरहेका जटिल प्रकृतिका समस्याको सामना गर्न परिवार, समाज तथा राज्यलाई प्रेरणा र सहायताका लागि सहज हुने अपेक्षा गरिएको छ । मन्त्रालयले रणनीतिलाई प्रभावकारी रूपमा अघि बढाउने प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/०४**

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्फोसिस् म्यानेजमेन्ट सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.**(प्रा.लि.नं.२५९५४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!
## शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

McDonald's

**COMPANY:** Al Maousherji Catering Co, Kuwait **(McDonald's Company)**
**कम्पनी** : अल मसुरजी क्याटरिङ को, कुवेत

Pre Approval Date : 2024-07-26 | पूर्व स्वीकृति मिति : २०८१/04/११
Re-Published Date : 2025-05-17 | पुन: विज्ञापन स्वकृति मिति : २०८२/02/03
LT. No. 308002 | एल टि न. ३०८००२
चलानी नं. ६०२२२७४६ | Invoice No. 60222746

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Service Crew/Waiter | 47 | 157 | 120 | ५३,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Final Interview will be Conducted on Hotel Crystal, Pashupati, Gaushala, Kathamandu on 29 & 30 May 2025.
**अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति** : होटल क्रिष्टल, पशुपति, गौशाला, काठमाडौंमा मितिः २०८२ जेठ १५ र १६ गते हुनेछ ।

**Pre-interview is going on. प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।**
**The age of the applicant should be between 21 to 27 years. आवेदकको उमेर २१ देखि २७ वर्षसम्मको हुनु पर्नेछ ।**

**नोट**: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा इमराल्ड आयल नेपाल लि. प्रा. लि. मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदकको उमेर २१ देखि २७ वर्षको हुनुपर्नेछ । साथै आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Emerald Isle Nepal Pvt Ltd to apply directly without using any mediators.
Applicated age to 21-27, Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**
**Emerald Isle Nepal Pvt Ltd(Gulmi Overseas Pvt Ltd) does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

Emerald Isle Nepal Pvt Ltd
श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-01-4588542/4589323
Mob: 9801248107, 9801248108, 9801248106, 9801879000,
Send Documents on cv.einepal@gmail.com,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com.np



## जापानमा रोजगार

कम्पनी : **SJC COOPERATIVE, KOFU CITY YAMANASHI**

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | LT. No. 323875 | चलानी नं. ६०२३७९०२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Industrial packaging | 1 | 0 | 177844 | १,६७,२०२ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) प्रशिक्षार्थी आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1567/079/80
**NIHON EMPLOYMENT CENTER PVT.LTD**
Pepsikola-32, Kathmandu, Nepal, T: 977-1-49929, Email:- necc.mgmt@gmail.com



## युएइमा रोजगार

कम्पनी : **Abu Dhabi Berkeley Services LLC**

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०२ | LT. No. 315845 | चलानी नं. ६०२३०२३२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaners | 125 | 75 | 800 | २९,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः**
रुपन्देही, Asia Party Palace Milanchowk, Butwal (Branch) मा मितिः २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ । सम्पर्कः ०७१-५९१८९५
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १३ गते (27th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600


## Government of Sudurpaschim Province
## Ministry of Land Management, Agriculture & Cooperatives
## Directorate of Livestock and Fisheries Development
## Dipayal, Doti

# Issuance of Letter of Intent to Award the Contract

**Date of Publication: 2082/02/04**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on **2081-12-29** in **Prabhav Newspaper** for execution of the work as specified below in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Contract ID No. | Description of Works | Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT & PS (Nrs.) |
|---|---|---|---|---|
| 1. | DOLFD/NCB/WORKS/2081/082-01 | Construction Of Truss Structure for Gaushala at Krishnapur Municipality-07 (Ugratara Tole) & 02 (shree Godbijula Samudayik Ban Upabhokta Samuha), Kanchanpur | Rawal Nirman Sewa Pvt. Ltd., Lamki Chuha-01, lamki | 34,29,891.71 |
| 2. | DOLFD/NCB/WORKS/2081/082-02 | Construction Of Truss Structure for Gaushala at Gauriganga Municipality-08(Shree Gauri Ganesh Samudayik Ban Upabhokta Samuha), Kailali | Kartik Swami Construction and Suppliers, Ghodaghodi Municipality-01 Kailali | 20,82,036.99 |
| 3. | DOLFD/NCB/WORKS/2081/082-03 | Construction Of Truss Structure for Gaushala at Ganyapdhura Rural Municipality-04(Shree Ghanghat Samudayik Ban Upabhokta Samuha), Dadeldhura | Minaksi Construction, Nawadurga-01 Dadeldhura | 17,09,961.02 |

If there is any queries, please do cantact to the office at Directorate of Livestock and Fisheries Development, Dipayal, Doti, Email: dolfddoti@gmail.com, Phone no. +977-094-440146.

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## साउदीमा कामविहीन नेपालीहरूलाई न्याय दिलाऊ

**वैदेशिक रोजगारीमा जाने नेपालीहरूको प्रमुख रोजगार गन्तव्य खाडीका राष्ट्रहरू हुन् । जसमध्ये साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार प्रमुख हुन् । यी मुलुकमा लाखौं संख्यामा नेपालीहरू कार्यरत छन् । खाडी मुलुकमा जाने नेपालीहरू विभिन्न समस्यामा पर्दै आएका छन् । त्यहाँको अत्यधिक गर्मी मौसम त्यतिकै पनि प्रतिकूल छ, नेपालीहरूका लागि । सोही कारण विभिन्न स्वास्थ्य समस्या भोग्न बाध्य छन् । अर्कोतर्फ कहिले तोकिएको सेवा सुविधा नपाउने, समयमा तलब नपाउने, कम्पनी परिवर्तन गर्न नपाउने, कम्पनी टाट पल्टिनेलगायतका समस्या नेपालीहरूले भोग्दै आइरहेका छन् । यस्तो समस्यामा परेका घटना नियमितजसो आइरहेका हुन्छन् । पछिल्लो समय साउदी अरेबियामा एक कम्पनी टाट पल्टिने अवस्थामा पुगेपछि त्यहाँ कार्यरत सयौं नेपालीहरू कामविहीन बनेको खबर बाहिर आएको छ ।**

**साउदीस्थित नेपाली राजदूतावासले त्यहाँको जुबेलस्थित सेन्दान इन्टरेनसनल कम्पनी टाट पल्टिने अवस्थामा पुगी ४६९ नेपाली नागरिक कामविहीन भएका जानकारी दिएको छ । उनीहरूमध्ये केहीले तलबभत्ता उपलब्ध गराउन र नेपाल फिर्ता तथा अन्य कम्पनीमा स्थानान्तरणका लागि पहल गरिदिन दूतावाससँग अनुरोध गरेका थिए । कामदारको अनुरोधपछि दूतावासले समस्या समाधानका लागि निरन्तर कूटनीतिक पहल गरिरहेको जनाएको छ ।**

**नेपाल फर्कन चाहनेको हकमा बहिर्गमन भिसाका लागि साउदी सरकारको सम्बन्धित श्रम कार्यालयलाई आवश्यक कागजातसमेत पठाइसकिएको नेपाली दूतावासले जनाएको छ । साउदी अरबबाट नेपाल जान इच्छुक नेपाली श्रमिकलाई र विशेषगरी सेन्दान इन्टर नेसनल कम्पनीमा कार्यरतलाई यथाशक्य बहिर्गमन भिसा जारी गरिदिन अनुरोध गर्दै आवश्यक पहल गरिसकिएको दूतावासले बिहीबार विज्ञप्तिमार्फत जनाएको छ ।**

**नेपाल फर्कन चाहनेको हकमा बाँकी सेवा सुविधा प्राप्त गर्ने कानुनी आधार पूरा गरी फर्काउने तथा साउदी अरबका अन्य कम्पनीमा स्थानान्तरण भई रोजगार गर्न चाहनेका लागि आवश्यक प्रक्रियालाई सहजीकरण गर्न साउदी सरकारको श्रम मन्त्रालय र सम्बन्धित अन्य निकायहरूमा भएका वार्ता तथा छलफल सकारात्मक रूपमा अगाडि बढेको दूतावासको भनाइ छ । समस्यामा परेका नेपाली नागरिकलाई धैर्यताका साथ रहन तथा खाना, आवास र स्वास्थ्यसम्बन्धी समस्या परेमा दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ ।**

**समस्यामा परेका कामदारहरूलाई नेपाल फर्काउन तथा उनीहरूले पाउनुपर्ने बाँकी तलब भत्ता दिलाउन दूतावासले थालेको पहल स्वागतयोग्य छ । नेपाली कामदारहरूलाई न्याय दिलाउन दूतावासको पहल प्रभावकारी बनाउन जरुरी छ । नेपाल फर्कन चाहनेलाई नेपाल फर्काउन तथा त्यहीँ अन्य रोजगारदाता कम्पनीसँग आबद्ध हुन चाहनेलाई त्यसका लागि सहजीकरण गर्ने कार्य प्रभावकारी बनाउनुपर्छ । साथै, पटक-पटक दोहोरिरहने यस्ता समस्याको दीर्घकालीन समाधानका लागि सरकारको तहबाटै पहल गर्न आवश्यक छ ।**

# उपभोक्ता अधिकारको स्थिति, कार्यान्वयन र समस्या



■ गम्भीरबहादुर हाडा

सामान्यतया उपभोक्ताले वस्तु खरिद गर्दा देखापर्ने बानीव्यहोरा, इच्छा, आकांक्षा, वस्तुप्रतिको चाहना तथा उसको मनोवैज्ञानिक विचारलाई नै उपभोक्ता व्यवहार भनिन्छ । परापूर्वकालमा जब बजारशास्त्रको क्षेत्र सीमित थियो त्यस अवस्थामा प्रत्येक व्यवसायी प्रत्यक्षरूपमा सम्बन्धित उपभोक्तासँग सम्बन्ध राखी ती उपभोक्ताहरूको व्यवहारको जानकारीअनुसार वस्तु तथा सेवाको उत्पादन तथा आपूर्ति गर्ने गर्दथे । आज आएर बजारशास्त्रको क्षेत्र यति व्यापक भइसकेको छ जसले गर्दा संसारको एक ठाउँमा रहेको व्यवसायीले अर्को ठाउँमा रहेको उपभोक्ताको व्यवहार बुझ्न परेको हुन्छ । प्रत्येक व्यवसायीले सम्बन्धित उपभोक्ताको व्यवहार बुझ्नका लागि ठूला-ठूला बजारको अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने हुन्छ ।

परापूर्वकालमा जब बजारशास्त्रको क्षेत्र सीमित थियो त्यस अवस्थामा प्रत्येक व्यवसायी प्रत्यक्षरूपमा सम्बन्धित उपभोक्तासँग सम्बन्ध राखी ती उपभोक्ताहरूको व्यवहारको जानकारीअनुसार वस्तु तथा सेवाको उत्पादन तथा आपूर्ति गर्ने गर्दथे । आज आएर बजारशास्त्रको क्षेत्र यति व्यापक भइसकेको छ जसले गर्दा संसारको एक ठाउँमा रहेको व्यवसायीले अर्को ठाउँमा रहेको उपभोक्ताको व्यवहार बुझ्न परेको हुन्छ । प्रत्येक व्यवसायीले सम्बन्धित उपभोक्ताको व्यवहार बुझ्नका लागि ठूला-ठूला बजारको अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने हुन्छ ।

कानुनले उपभोक्तालाई अधिकार प्रदान गरेको छ । सरकारलाई त्यसको रक्षाको दायित्व तोकेको छ । तर नेपाली वस्तु र सेवा बजारमा आपूर्ति, मूल्य, गुणस्तर नियमन कार्यमा व्यापक समस्या छ । अधिकांश वस्तु र सेवा व्यापारीबाट उपभोक्तामाथि लुट मच्चाउने शृंखला बढ्दो छ । वस्तु तथा सेवा उत्पादक, थोक-खुद्रा बिक्रेता, ढुवानीकर्ताले आपूर्तिमा बजार एकाधिकार र आलोपालोबाट व्यवसाय सञ्चालन गरेका छन् । सरकारले प्रत्येक जिल्लामा आपूर्ति आयुक्त तोक्नुपर्नेमा तोकेको पाइँदैन । बजार हेर्ने निरीक्षण अधिकृतलाई पनि सक्रिय बनाएको पाइँदैन ।

उपभोक्ताको उचित तवरले संरक्षण हुनुपर्छ भन्ने हेतुले सन् १९६२ मार्च १५ मा पहिलोपटक तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले अमेरिकी कंग्रेसमा 'कञ्जुमर बिल अफ राइट्स' लगेका थिए । त्यसपछि अन्य मुलुकहरूमासमेत यसले निरन्तरता पाएको देखिन्छ । नेपालमा पनि उपभोक्ताका अधिकारबारे लामो समयदेखि बहस चल्दै आएको छ । पछिल्लो समय व्यवस्थित र मर्यादित रूपले उपभोक्ता अधिकार सुनिश्चित गर्ने हेतुले उपभोक्ता अदालतको विषय अगाडि सारिएको छ ।

मुलुकमा उपभोक्ता अदालत गठनका विषयमा लामो समयदेखि बहस भए पनि यसले हालै मूर्तरूप प्राप्त गरेको छ । करिब एक दशकअगाडि २०७३ भदौ २३ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सबै प्रदेशमा एक-एकवटा उपभोक्ता अदालत बनाउने घोषणा गरेका थिए । उपभोक्तालाई अन्याय पर्दा तत्काल सुनुवाइ गर्ने संयन्त्र नभएको भन्दै उनले उपभोक्ता अदालतको विषय उठाएका थिए । गत वर्ष चैतमा बल्ल संघीयस्तरमा उपभोक्ता अदालत गठन भए पनि प्रदेशस्तरमा गठन हुन सकेको छैन ।

त्यसअगाडि व्यवस्थापिका संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पनि उपभोक्ता अदालतको आवाज उठाएको थियो । संसदीय समितिले २०७२ असोजमा उपभोक्ता अदालत वा उपभोक्ता इजलासको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको थियो । समितिको निर्देशनअनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्ता संरक्षण ऐन, २०७५ मा पनि उपभोक्ता अदालतको विषय समावेश गरिएको थियो । ऐनमा भएको व्यवस्थाअनुसार सरकारले अदालत गठन नगरेको भन्दै उपभोक्ता हित संरक्षण मञ्चले सर्वोच्चमा रिट निवेदन पनि दर्ता गरायो । सरकारले ढिलाइ गरेपछि सर्वोच्च अदालतले २०७८ फागुन ८ मा सातवटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । अहिले आएर मात्र यसको कार्यान्वयनपक्ष अगाडि बढेको जनाए पनि पूर्णता भने पाएको छैन ।

उपभोक्ता अदालतका बारेमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा व्यवस्था गरिएको छ । जसमा दफा ४० को उपदफा १ बमोजिम हुने मुद्दाबाहेक अन्य मुद्दाको कारबाही तथा किनारा लगाउनका लागि सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर आवश्यकताअनुसार उपभोक्ता अदालत गठन गर्न सक्ने उल्लेख छ । सोही ऐनको दफा ४४ बमोजिम उपभोक्ता अदालत गठन भएको हा । अदालतको औपचारिक उद्घाटन २०८१ चैत २ गते भएको हो ।

नेपालमा उपभोक्ता अधिकारको इतिहास हेर्ने हो भने मल्लकालीन राजा जयस्थिति मल्लको समयमा माना पाथीको सुरुआत गरेर एउटै मापन प्रणालीको विकास गरेको देखिन्छ । यसबाट उपभोक्ताहरू केही हदसम्म मापन प्रणालीमा हुनसक्ने अनियमितताको सम्भावनाबाट जोगिन पुगेका थिए । ऐनको रूपमा पहिलोपटक उपभोक्ता संरक्षण ऐन, २०५४ बनेको पाइन्छ । यसपछि २०५६ मा नियमावली बनाएर कार्यान्वयन अघि बढाएको देखिन्छ । वर्तमान संविधान २०७२ को धारा ४४ को १ मा उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र भाग २ मा गुणस्तरहीन वस्तु तथा सेवाले आघात पुगेको खण्डमा क्षतिपूर्तिको व्यवस्था हुने उल्लेख गरिएको छ । यो मौलिक हकलाई कार्यान्वयन गर्नका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ समेत बनेको छ । यो ऐन परिच्छेद-२ को उपभोक्ता संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत उपभोक्ताको अधिकारमा जम्मा नौवटा अधिकारहरू सूचीकृत गरिएको छ ।

वर्तमान १६औं योजना (२०८१/८२-०८५/८६) मा मूल्यनीतिअन्तर्गत राजनीतिक दलहरूले समाजको विभिन्न क्षेत्र र वर्गसँग लिने चन्दा तथा आर्थिक सहायतालाई पारदर्शी बनाउन पूर्णरूपमा कानुनी परिपालना गराउने; राजनीतिक दलले कुनै प्रकारको वैदेशिक सहयोग लिन नपाउने व्यवस्था गर्ने राजनीति दलसम्बन्धी कानुनमा समयानुकूल परिमार्जन गरी राजनीतिक दलको कार्यशैली, आचरण तथा व्यवहारमा सुधार गर्ने; निर्वाचन प्रणालीका विभिन्न चरणहरूमा घरदैलो कार्यक्रमलाई निरुत्साहित गर्दै आधुनिक प्रविधिको प्रयोग गरी निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, मर्यादित र मितव्ययी बनाउन आवश्यक कानुनी व्यवस्था गर्ने मतदान अस्वीकार गर्ने अधिकार जस्ता विषय कानुनमा समावेश गरी प्रत्यक्ष लोकतन्त्रलाई सुदृढ बनाउने नीति तथा कार्यक्रम राखिएको छ ।

पूर्ण नगदरहित कारोबारका लागि नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमहरूको कार्ययोजना तर्जुमा गरी चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याउने; खुला सरकारको अवधारणा अवलम्बन गरी सार्वजनिक सेवामा सुशासन कायम गर्न जनउत्तरदायी, पारदर्शी, सहभागितामूलक कानुनको परिपालना गर्ने वातावरण तयार गर्ने; उच्च पदाधिकारीहरूको अनिवार्य रूपमा सूचकको आधारमा निष्ठाको मूल्यांकन गर्ने संयन्त्रको विकास गर्ने, सूचना प्रविधिको प्रयोग, छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्रमार्फत सार्वजनिक सेवालाई प्रभावकारी बनाउने तहगत सरकारले आवधिक योजना तथा कानुनबमोजिम मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्ने तथा तोकिएको समय सीमाभित्र नै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पेस गरी प्रभावकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाउने आदिजस्ता उद्देश्य तथा नीतिहरू राखिएको पाइन्छ ।

लक्षित समुदाय तथा वर्गको संरक्षण, उत्थान र सशक्तीकरण गर्दै राज्यका हरेक क्षेत्रमा पहुँच पहिचान र प्रतिनिधित्व सुनिश्चित गर्न विद्यमान नीति, कानुन तथा व्यवस्थामा सुधार गर्ने विद्यमान विभेदकारी कानुनमा सुधार तथा नयाँ बन्ने कानुनहरूलाई समावेशी एवं लंगिकमैत्री बनाउने । सार्वजनिक पदाधिकारीको स्पष्ट उत्तरदायित्व निर्धारण गर्न कानुनी व्यवस्था मिलाइने अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रविधिको अधिकतम प्रयोग गर्ने; नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्न पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्ने, गराउने; प्रशासनिक सुशासनलाई नतिजामुखी बनाउन सेवाग्राहीबाट सम्बन्धित पदाधिकारीको मूल्यांकन गर्ने प्रणाली विकास गर्ने रणनीति तथा कार्यक्रम राखिएको पाइन्छ ।

मूल्य स्थितिलाई माग एवं लागत तथा आपूर्तिजन्य पक्षले प्रभाव पार्ने गर्दछ । उत्पादनका साधनहरूको मूल्यमा आउने परिवर्तन, कच्चा पदार्थको उपलब्धताको अवस्था, सरकारले अवलम्बन गर्ने आर्थिक नीति, बाहृय मुलुकमा हुने मूल्यवृद्धि, प्रतिस्पर्धात्मक बजारको अवस्था, विभिन्न प्राकृतिक विपत्तिको अवस्था आदिले मूल्यमा प्रभाव पारिहेको हुन्छ । साथै, मौद्रिक योगांकहरूमा हुने परिवर्तनको असर समष्टीगत मागमा पर्ने भएकोले यस्तो प्रभाव मूल्यमासमेत पर्दछ । नेपालको मूल्य स्थितिमा माग पक्षको भन्दा आपूर्ति पक्ष र संरचनात्मक पक्ष, खासगरी पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा आउने उतारचढाव र भारतको मूल्य स्थितिले असर पार्ने गरेको छ । मौद्रिक नीतिले प्रमुख उद्देश्य मूल्य स्थिरता कायम गर्ने भए पनि आपूर्ति पक्षबाट मूल्य स्थिरतामा बढी चाप पर्ने गरेको हालका वर्षहरूमा मौद्रिक उपकरणहरूको प्रयोगबाट मूल्य स्थिरता कायम राख्ने काम जटिल बन्दै गइरहेको छ । मुद्रा विस्तारलाई उपयुक्त सीमामा राख्ने प्रयासहरू भइरहेका छन् ।

आर्थिक वृद्धिलाई गतिशील तुल्याउने एवं आमसर्वसाधारणको क्रयशक्तिमा ह्रास आउन नदिने गरी मुद्रा स्फीति दरलाई निश्चित सीमाभित्र राख्नु यस क्षेत्रको मुख्य चुनौतीको रूपमा रहेको छ । त्यसैगरी कृषिक्षेत्रलाई मौसमी प्रतिकूलताबाट मुक्त गर्न र आधुनिक कृषि प्रविधिको प्रयोगबाट यसको उत्पादन वृद्धि एवं सहज आपूर्तिको प्रबन्ध गर्नु र ढुवानी तथा बिक्रीवितरणमा देखिएको मिलेमतोलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण छ । वित्त नीति र मौद्रिक नीतिबीचमा उपयुक्त सन्तुलन कायम गर्दै आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मुद्रा बजारलाई व्यवस्थित गर्नुपर्ने चुनौती छ ।

सामान्यतया माग र आपूर्तिले वस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने गर्दछ । मूल्य स्थितिले लगानी, रोजगारी उत्पादन, वितरणजस्ता अर्थतन्त्रका समग्र पक्षमा असर पर्ने गर्दछ । उत्पादनका साधनहरूको उपलब्धता तथा मूल्यमा आउने परिवर्तन, सरकारले अवलम्बन गर्ने नीति, बाहृय मुलुकको मूल्यवृद्धिको अवस्था प्रतिस्पर्धाको अवस्था, मानवीय तथा अन्य कारणले समष्टीगत मागमा आउने परिवर्तनजस्ता पक्षले मूल्य स्थितिमा प्रभाव पारेको हुन्छ । मुद्रास्फीति दरलाई वाञ्छित सीमामा राखी समग्र लगानी तथा रोजगारी उत्पादन, आपूर्ति तथा मागजस्ता पक्षको अभिवृद्धिमार्फत उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने दिशामा केन्द्रित हुनुपर्छ ।

### श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन ।

उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# कार्यकारी पदमा महिलालाई अवसर दिनुपर्छ



■ सोनु मुर्मु

प्रतिनिधिसभाको मुख्य काम भनेको संविधानको मूल मर्मअनुरूप कानुन निर्माण गर्ने र जनताका समसामयिक सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने हो । कानुन निर्माणको सवालमा जति हुनुपर्ने हो, त्यति भएको छैन । अझै पनि धेरै महत्त्वपूर्ण कानुन बनाउनुपर्ने छ । जस्तोः संघीयतासँग जोडिएको शिक्षा, निजामती र प्रहरी ऐनलागतयका धेरै ऐन/कानुन बनाउनुपर्ने छ । संसद्मा शिक्षा, स्वास्थ्य, बेरोजगारी, बाढीपहिरो भूकम्पलगायत समसामयिक जनताका विषय उठ्छ तर त्यहाँ उठेका विषयको कार्यान्वयन अत्यन्तै कम हुन्छ ।

पछिल्लो समय संसद्मा राजनीतिक घोचपेच बढी हुने गरेको छ । राजसंस्थावादी र गणतन्त्रवादीबीच पनि संसद्मा चर्चाचर्की हुने गरेको छ । राजनीतिक आरोप-प्रत्यारोप पनि बढी नै हुन्छ । संसद्ले आफ्नो काम जे हो त्यही गर्नुपर्छ । कानुनका लागि पहिला विधेयक सरकारले ल्याउने हो । सरकारले संसद्लाई बिजनेस दिने हो । सरकारले संसद्लाई पर्याप्त बिजनेस दिन सकेको छैन । संविधान पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । यो १० वर्षको अवधिमा जति हुनुपर्ने हो, त्यति हुन सकेको छैन । संविधान जारी भएपछि १० वर्षको अवधिमा जम्मा २१४ वटामात्रै कानुन बनेका छन् ।

अहिले पनि २०२० साल, २०२२ सालकै कानुनको आधारमा देश चलिरहेको छ । तर अब सरकारले जतिसक्दो चाँडो पुराना सबै ऐन संशोधन गरेर नयाँ ऐन बनाउनुपर्छ । महिलाको सवालमा भने संविधान कार्यान्वयन भएको छ । महिलाको ३३ प्रतिशत संसद्मा सहभागिता छ । संविधान जारी भएपछि दुईवटा निर्वाचन सम्पन्न भएको छ । यसलाई संविधान कार्यान्वयनको रूपमा लिनुपर्छ । तर सीमान्तकृत समुदायको विषयमा संविधानमा लेखिएका धेरै विषय कार्यान्वयन हुन सेकेको छैन । मधेसी सुमदायको हक अधिकार पनि कार्यान्वयन हुन सकेको छैन ।

संविधान कार्यान्वयन गर्ने सवालमा पनि स्थानीय, प्रदेश र संघीय सरकार गरी तीनवटै सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ । संविधान कार्यान्वनयको सवालमा तीन तहको सरकारबीचको समन्वय र सहकार्यको आवश्यकता छ । संविधान संशोधन गर्न हुँदैन भन्ने होइन । संशोधन गर्नुपर्ने धेरै विषय छन् । निर्वाचनको सवालमा पनि संशोधनको विषय चर्चामा छ । महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपांगता भएका व्यक्ति तथा अन्य समुदायको विषयमा पनि संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

संशोधनको विषय वर्तमान सरकार गठबन्धनका क्रममा नेपाली कांग्रेस र नेकपा एमालेलगायत सरकारमा रहेका दलहरूले गरेको सहमति हो । सत्तारुढ दलबीच संविधान संशोधनको विषयमा सहमति भए पनि कुन विषयमा सहमति गर्ने भन्ने कुरा बाहिर आएको छैन । संविधान संशोधन यत्तिकै हावाको भरमा हुने विषय होइन ।

सरकारले चाहेरमात्रै पनि हुँदैन । त्यसका लागि सबैभन्दा पहिला सरकारले सबै प्रतिपक्ष दलको सहमतिमा संविधान संशोधनका विषय बाहिर ल्याउनुपर्छ । त्यसलाई जनतासँग छलफल गर्नुपर्छ । विज्ञसँग छलफल गर्नुपर्छ । संविधान बहुमतका आधारमा होइन, सहमतिका आधारमा हुनुपर्छ । संविधान जारी गर्नेबेलामा जसरी सबै दलको सहमति भएको थियो । त्यसैगरी संशोधनमा पनि सहमति हुनुपर्छ । हाम्रो देशका राजनीतिक दल जनताप्रति उत्तरदायी भएको देखिँदैन । राजनीति भनेको स्वयंसेवा गर्ने क्षेत्र हो । तर नेताहरू देश र जनताको पक्षमा भन्दा पनि व्यक्तिगत र पार्टीगत स्वार्थमा लागेका देखिन्छन् ।

हरेकपटक बन्ने सरकारले आ-आफ्नो मान्छे वा कार्यकर्ता भरणपोसन नगरी देश र आमजनताका लागि काम गर्नुपर्‍यो । पछिल्लो समय अध्ययनका लागि विदेश जाने युवाको लर्को छ । ती युवालाई देशभित्रै राख्नका लागि सरकारले शिक्षा प्रणालीमा परिवर्तन गर्नुपर्छ । नेपालको शिक्षा प्रणालीलाई सीपमूलक बनाउनुपर्छ । उपयोगी बनाउनुपर्छ । शिक्षा नीतिमा बदलाव ल्याई कृषि नीति, सीपमुखी, विज्ञान र प्रविधिमैत्री शिक्षा नीति बनाउनुपर्छ । रोजगारीका लागि विदेश जाने युवालाई रोक्नका लागि देशभित्रै रोजगारीको सिर्जना गर्नुपर्छ ।

कलकारखाना र उद्योग सञ्चालन गर्न विदेशी लगानीको लागि सहज नीति अपनाउनुपर्छ । देशलाई आत्मनिर्भर बनाउन आर्थिकरूपमा सबल बनाउनुपर्छ । सरकारले देशको मुख्य आम्दानीको स्रोत साधनको पहिचान गर्नुपर्छ । त्यसपछि योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । देश परिवर्तनका क्रममा भएका हरेक संघर्षमा पुरुषको जति योगदान छ । महिलाको पनि त्यति योगदान छ । तर, राज्यका नीति निर्माण तहमा महिलाको सहभागिता कमजोर छ । पहिलाको तुलनामा महिलाको सहभागिता बढ्दै गएको छ । तर जति हुनुपर्ने हो, त्यति हुन सकेको छैन ।

मुख्यगरी कार्यकारी पदमा महिलाको सहभागिता कम छ । महिला राष्ट्रपति, सभामुख, मुख्यसचिव, प्रधानन्यायधीश, महानगरपालिकाको प्रमुख भएका छन् । तर प्रधानमन्त्री महिला हुनसकेका छैनन् । धेरै राज्यका नीति निर्माण तहमा महिलाको सहभागिता छैन । अहिलेको मन्त्रिपरिषद्मा पनि एक जनामात्रै क्याबिनेट मन्त्री हुनुहुन्छ । त्यसैले महिलाका लागि सरकारले हरेक निकायमा ५० प्रतिशत अधिकार सुनिश्चित गर्नुपर्‍यो । यसलाई संविधानमै उल्लेख गर्नुपर्छ । अहिले क्षमताको हिसाबले महिला अगाडि आएका छन् । तर अहिले पनि महिलालाई उपसभामुख, उपाध्यक्ष, उपमेयरमा सीमित गरिएको छ । जनमत पार्टीको अबको योजना संघीयतालाई कहीँकतैबाट आँच आउन नदिन देशैभरिका जनतालाई जागरुक बनाउने हो ।

***(जनमत पार्टीकी नेत्री तथा प्रतिनिधिसभा सदस्य मुर्मुसँग राससले गरेको कुराकानीमा आधारित)***

# गर्मी ठाउँका शीतल गन्तव्य

■ नारायण अधिकारी

**चितवन–** चितवन भन्नेबित्तिकै धेरैको मनमा गर्मी ठाउँ भन्ने आउँछ तर यही जिल्लामा गर्मी मौसममा पनि शीतल हुने पर्यटकीय गन्तव्यहरू छन् भन्दा धेरैलाई अचम्म लाग्ला ! अचम्म लागेर के गर्नु, यहाँ यस्तै पर्यटकीय गन्तव्यहरू छन् । तराईको उखरमाउलो गर्मी छल्न यस्ता ठाउँ पुग्नेहरू अचेल बढ्दै गएका छन् । यहाँको इच्छाकामना गाउँपालिकाले यस्ता शीतल पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गरिरहेको छ ।



जिल्लाका पहाडी भूभाग गर्मी मौसममा पनि शीतल हुने गर्छन् । भरतपुरको चौकीडाँडा, कालिका र राप्ती नगरपालिकाको पहाडी भूभागसँगै इच्छाकामनाको अधिकांश भूभागमा शीतल हुने गरेको छ । तीमध्ये धेरैको रोजाइ यही पालिकाका पर्यटकीय गन्तव्यहरू पर्ने गरेका छन् । गाउँपालिकाले यहाँ हरेक वर्ष करिब तीन लाखसम्म पर्यटक घुम्न र बस्न आउने अनुमान गरेको छ ।

गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ नारायणगढ–मुग्लिन सडक नजिकैको लामो झरनामा गर्मी मौसममा धेरै आन्तरिक पर्यटक आउने गरेको बताउँछन् । वडा नं ६ मा पर्ने यस झरनामा वार्षिक करिब ६० हजार पर्यटक घुम्न आउने गरेको उनले सुनाए । 'माथिबाट झरेको चिसो पानीको झरनामा नुहाउन र पौडी खेल्न आन्तरिक र बाहृय पर्यटक आउने गरेको तथ्यांक छ । यसबाट वार्षिक २५ लाख रूपैयाँसम्म राजस्व संकलन हुने गरेको छ,' अध्यक्ष गुरुङले भने ।

यसैगरी, जिल्लाको पुरानो सदरमुकाम उपरदांगगढी सोही गाउँपालिका-७ मा पर्दछ । यसको पुनर्निर्माणका काम भइरहेको अध्यक्ष गुरुङले बताए । 'उपरदांगगढी कसले बनायो, किन बनायो र त्यसको आवश्यकता के हो ? भन्ने पुष्टि हुनेगरी पुनर्निर्माण गरिरहेका छौं । गढीमा जीर्ण अवस्थामा रहेको कोतघर पुरानै शैलीमा पुनर्निर्माण भइरहेको छ । पुराना विभिन्न किसिमका हातहतियार र वेशभूषा त्यो घरमा राख्ने मुख्य उद्देश्य रहेको छ,' उनले भने ।

गढी वरिपरि रहेका घरबास (होमस्टे) गर्मीयाममा पर्यटकले रुचाउने गन्तव्य हुन् । बिदाको समयमा यस क्षेत्रका होमस्टेमा ठाउँ पाउन मुस्किल हुने गरेको छ । उपरदांगगढी क्षेत्रमा वार्षिक ३५ हजारभन्दा बढीले अवलोकन गर्ने र करिब १५ लाख रूपैयाँ राजस्व संकलन हुने गरेको छ ।

जिल्लाको सबैभन्दा अग्लो चुचुरो सिराइचुली वडा नं १ रहेको छ । यसको संरक्षण र प्रवर्द्धनका लागि पनि गाउँपालिकाले सिँढीसहितको बाटो बनाउने र सरसफाइ गर्ने काम गरिराखेको छ । 'यहाँ रेलिङ, फलामे बेञ्च, हेर्ने ठाउँ बनाइएका छन् । नजिकैको काली र सिद्धबाबा मन्दिरको संरक्षण गर्ने काम भएको छ,' अध्यक्ष गुरुङले भने, 'थप झण्डा राख्ने, स्तम्भहरू बनाउने, अन्य सानातिना पूर्वाधार बनाउने काम गरिरहेका छौं । यहाँको सौन्दर्य नबिगार्ने गरी संरचना बनाउने काम गरिरहेका छौं ।'

यहाँबाट चितवनसहित छिमेकी जिल्लाका धेरै जसो हिमाल, समथर भूभाग देखिने र चिसो हावा चलिरहने भएकाले पनि पर्यटकको रोजाइमा पर्ने गरेको छ । यहाँ वार्षिक करिब १० हजार पर्यटक आउने गरेका गाउँपालिका अध्यक्ष गुरुङले जानकारी दिए ।

इच्छाकामना-२ मा पर्ने अर्को पर्यटकीय गन्तव्य हो, मायाँटार । यहाँ भरतपुरबाट धेरै पर्यटकहरू रात बिताउन पुग्छन् । स्थानीय जातका कुखुरा, खसी र स्थानीय परिकारका सौखिनहरूका लागि यो ठाउँ लोकप्रिय छ । चिसो ठाउँ भएकाले एक रात भए पनि बिताउन यहाँ पर्यटक पुग्ने गरेका हुन् । यसको नजिकै देवीदेवताका थान छन् । त्यहाँ दर्शन गर्न पर्यटकहरू पुग्ने गरेका छन् । त्यहाँको बालगौरी थानमा पूजा गरेमा निःसन्तानले सन्तान प्राप्त गर्छन् भन्ने विश्वास छ । गाउँपालिकाको चिसापानीगढीको जंगलमा पैदलयात्रा गर्न रुचाउनेहरू पनि आउने गरेको अध्यक्ष गुरुङ बताउँछन् । चिसापानीबाट उपरदांगगढी हुँदै सिराइचुलीसम्म जाने पैदलमार्ग पनि बनेको छ ।

पालिकाको इच्छाकामना मन्दिर वडा नं २, ३, ४ र ५ को संगमस्थलमा पर्दछ । यहाँ धेरै जसो भारतीय पर्यटकहरू आउने गरेका छन् । अध्यक्ष गुरुङले भने, 'काठमाडौं, भक्तपुर, ललितपुबाट धेरै आउने गरेका छन् । वार्षिक ५० हजारभन्दा बढी पर्यटक मन्दिर दर्शनका लागि आउने गरेका छन् ।' मन्दिरका पुजारीलाई तलब दिएर राखिएको छ । त्यहाँबाट उठेको भेटी गाउँपालिकाको राजस्वमा जम्मा हुने व्यवस्था गरिएको छ ।

गाउँपालिकाका उपाध्यक्ष माया सिलवालका अनुसार गाउँपालिकाको राजमार्ग क्षेत्रमा ठूला होटल भए पनि पर्यटकले ग्रामीण क्षेत्रका साना होटल र होमस्टेमा बस्न रुचाउँछन् । 'हात्तीवाङको चेपाङ होमस्टे, मायाँटार, उपरदांगगढीमा गुरुङ होमस्टेहरू छन् । मायाँटार जलबिरेमा होमस्टे छन् । पर्यटकीय गन्तव्यका वरिपरि सामुदायिक होमस्टेहरू छन् । सुन्तला फल्ने समयमा बोटबाटै सुन्तला खानसमेत यहाँ पर्यटक आउने गरेका छन्,' उनले भने ।

उपाध्यक्ष सिलवालले हाल गाउँपालिका क्षेत्रमा करिब १०० होमस्टे रहेका छन् । होमस्टेका लागि गाउँपालिकाले सहयोग गर्दै आएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रबहादुर बस्नेत पर्यापर्यटनको हिसाबले इच्छाकामना महत्त्वपूर्ण रहेको बताउँछन् । गर्मी क्षेत्र नजिकको शीतल गन्तव्य भएकाले पालिका उच्च प्राथमिकता दिएर त्यस्ता स्थानको प्रवर्द्धन र प्रचारप्रसारमा लागेको उनी बताउँछन् । 'यसै पालिकामा मनकामना केबुलकारको स्टेसन छ । त्यहाँबाट वार्षिक १० लाखभन्दा बढी पर्यटक मनकामना मन्दिर पुग्ने गरेका छन् । उचित प्रचारप्रसार हुन सकेमा इच्छाकामनाका पर्यटकीय गन्तव्यमा आन्तरिक र बाहृय पर्यटक बढाउन सकिन्छ,' बस्नेत भन्छन् ।

गाउँपालिकाले लगानी सम्मेलन गरेर ठूला लगानीकर्तालाई पनि पर्यटकीय गन्तव्यमा होटल खोल्न प्रोत्साहित गर्ने तयारी गरेको जनाइएको छ । *रासस*



**जोखिमपूर्ण यात्रा** | **झापाको बिर्तामोडबाट खुदुनाबारीहुँदै इलाम जाने सडकमा पर्ने बिरिङ खोलामा भत्किएको पुलमा सवारीसाधनमार्फत जोखिमपूर्ण यात्रा गर्दै स्थानीय ।** *तस्बिरः राजकुमार ओली/रासस*

## जगाती–डोलेश्वर–साँगा सडक निर्माण सुरु

**भक्तपुर (प्रस)–** भक्तपुरको जगाती-डोलेश्वर-आशापुरी-काक्राबारी-साँगा झोलुङे पुल सडक निर्माण सुरु भएको छ ।

बागमती प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयबाट विनियोजित १६ करोड रूपैयाँ बजेटको लागतमा निर्माण हुने सडकको शुक्रबार बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के र बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले संयुक्तरूपमा शिलान्यास गरे । सूर्यविनायक नगरपालिका वडा नं. ८ र ९ को दुर्गम बस्तीलाई जोड्ने यो सडक दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ बहुवर्षीय आयोजनाअन्तर्गत निर्माण सुरु भएको मन्त्री मास्केले बताए । उनले सडक निर्माणले यहाँको पर्यटन विकास र स्थानीयको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

स्वास्थ्यमन्त्री थापाले सडक निर्माण पूरा भएमा यो क्षेत्र धार्मिक पर्यटकको मुख्य केन्द्र बन्ने बताए । उनले हाल जगातीबाट डोलेश्वरहुँदै आशापुरी जाँदा गाडी फर्केर नआएसम्म के भयो होला भनेर डराउनुपर्ने अवस्था रहेकाले सडक निर्माणपछि केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर आउने धार्मिक पर्यटकलाई पौराणिक इतिहास बोकेको आशापुरी मन्दिर पुग्न सहज हुने बताए ।

सहरी विकास मन्त्रालयबाट दुई करोड ५५ लाख रूपैयाँ विनियोजित बजेटबाट जगातीबाट गणेश स्कुलहुँदै डोलेश्वर जाने सडकको स्तरोन्नति सुरु भएको मन्त्री थापाले जानकारी दिए । उनले भने, 'वि.सं. २०६२ अगाडि यो क्षेत्रमा सडक पुगेको थिएन । त्यसबेलामा म तत्कालीन जिल्ला विकास समितिको सदस्य थिए, त्यहीबाट बजेटको व्यवस्थापन गरेर सुरु गरेको सडक अहिले आठ मिटर चौडासहित कालोपत्र हुने भएपछि निकै खुसी छु ।'

## काभ्रेका तीन स्थानीय तह पूर्णखोप सुनिश्चित

**काभ्रेपलाञ्चोक (प्रस)–** जिल्लाका १३ स्थानीय तहमध्ये नमोबुद्ध नगरपालिका, भुम्लु गाउँपालिका र मण्डनदेउपुर नगरपालिकालाई पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा गरिएको हो । मण्डनदेउपुरलाई एक कार्यक्रमकाबीच नगरप्रमुख एवं नगरस्तरीय खोप समितिका संयोजक टोकबहादुर वाइबा तथा जिल्ला खोप समन्वय समितिका संयोजक दीपककुमार गौतमको उपस्थितिमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरियो ।


**साउदीमा रोजगार** कम्पनी : **JAWA HUMAN RESOURCES COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ | LT. No. 323124 | चलानी नं. ६०२३७४३१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | SHOP/STORE WORKER | 20 | 0 | 1000 | ३६,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः चितवन, भरतपुर गार्डेन होटलमा मितिः २०८२ जेठ ११ गते (25th May. 2025), पोखरा, बाजेको सेकुवा पोखरामा मितिः २०८२ जेठ १२ गते (26th May. 2025), काठमाडौं ब्रदर्श अफिसमा मितिः २०८२ जेठ १३ गते ( 27th May. 2025) मा हुनेछ । मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900


## घरघरमै खानेपानीको धारा आएपछि म्याग्देका स्थानीय खुसी



**बन्दीपुर (तनहुँ)–** जिल्लाको म्याग्दे गाउँपालिका-५ अन्तर्गतका बतेनीटार, साउनेपानी र कवादी गाउँका करिब २०० घरधुरीमा घरघरमै खानेपानीको धारा पुगेपछि स्थानीयवासी खुसी भएका छन् ।

संघीय सरकारको तीन करोड रूपैयाँ बजेटमा सञ्चालित बौलाहा ओडार खानेपानी आयोजना सम्पन्न भएपछि यहाँका बासिन्दाले लामो समयदेखि भोग्दै आएको पानीको समस्याबाट मुक्ति पाएका हुन् ।

स्थानीय पदममाया थापाले खानेपानीको मूल टाढा भएका कारण विगतमा एक गाग्री पानी ल्याउन बिहानै उठ्नुपर्ने बाध्यता हटेको बताइन् । घर आँगनमै धारा जडान भएपछि त्यस्ता दुःखका दिनहरू बिर्सिएको उनको भनाइ छ । खानेपानीको समस्या हटेपछि घरधन्दा तथा अन्य काम गर्न पनि सहज भएको सोही वडाकी राधाकुमारी थापाले सुनाइन् ।

उपभोक्ता समितिका अध्यक्ष विष्णुबहादुर थापाकाअनुसार उक्त आयोजनाअन्तर्गत तीनवटा मुहानबाट पानी संकलन गर्न तीनवटा टच्यांकी निर्माण गरिएको छ । तीमध्ये दुईवटा ५०-५० हजार लिटर र एकवटा ७५ हजार लिटर क्षमताका टच्यांकी रहेका छन् । आयोजना पूरा भएसँगै करिब ९०० जनसंख्या प्रत्यक्ष लाभान्वित भएका छन् ।

वडा नं ५ का अध्यक्ष शिवबहादुर आलेले धाराबाट २४ सै घण्टा पानी आउने सुविधा भएपछि स्थानीयको दैनिकी नै परिवर्तन भएको बताए । उनकाअनुसार अब खाली समयलाई कृषिमा प्रयोग गर्न थालिएको छ, जसले आम्दानी बढाउन सहयोग पुगेको छ । विगतमा महिलाको अधिकांश समय पानी बोक्नमै बित्ने गरेकामा अहिले भने उनीहरू घर र व्यवसायिक गतिविधिमा सक्रिय हुन थालेका छन् ।

गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले संघीय, प्रदेशर स्थानीय सरकारको साझेदारीमा 'एक घर, एक धारा' अभियानलाई तीव्र पारिएको जानकारी दिए । खानेपानीसँगै स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको उनको भनाइ छ । *रासस*


# Bateshwor Rural Municipality
## Office of Rural Municipal Executive
## Bateshwor, Dhanusha
## Madhesh Pradesh, Nepal

# Invitation for Bids

**First Date of publication: 2025-May-18 (2082-02-04)**

| S. N. | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT and PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/BRM/ Works/NCB/ 2081/2082 | operation in irrigation boring works in ward no 1,2,3 and 4 (Bateshwor Rural Municipality ward no 1,2,3 and 4) | 90 days | Rs. 2433605.68 | Rs.61000 | Rs.3000 | |

**Further Information to bidders:-**

| | |
|---|---|
| **Last date and Time bid Submission** | 17/June/2025(2082/03/03) up to 12Noon |
| **Date,Time and place of bid opening** | 17/June/2025(2082/03/03) 2pm at Bateshwor Rural Municipality, Office of Rural Municipal Executive , Bateshwor, Dhanusha |
| **Bid security Validity period** | 30 days beyond bid validity period |
| **Account No. for bid document purchase** | **Name of the Bank**:- NMB Bank, **Name of Office** :-Bateshwor Rural Municipality, Bateshwor, Dhanusha. Rajaswa (revenue), **Account No**.:- 1020067636300013 |
| **Account No. for Bid Security Deposit** | **Name of Office** : Bateshwor Rural Municipality, Bateshwor<br>**Name of Bank**:- NMB Bank, Bateshwor Branch, Dhanusha, Dharauti (Deposite)<br>**Account No.**:- 1020067636300172 |

1. Bidders shall submit their Bids e-copy only,For e-bidding visit://bolpatra.gov.np/egp and further information contact, Dhanusha,ito.bateshwormun@gmail.com.bateshwormun@gmail.com, 9854060412,9840090472
2.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
3.The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

**Chief Administrative Officer.**

प्रभाव दैनिक

**रूपशाला**

### कान्समा सहभागी हुन उडे प्रदीप

विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा सहभागी हुन अभिनेता प्रदीप खड्का शनिबार राती फ्रान्स प्रस्थान गरेका छन् । उनी त्यहाँ कान्स मार्केट र एक फ्रान्सेली फिल्मको रेडकार्पेट प्रिमियरमा सहभागी हुनेछन् । उनी अभिनित फिल्म 'एक्लो' कान्स मार्केट (मार्चे दु फिल्म)मा सहभागी छ । स्टल खडा गरेर यो फिल्मका निर्देशक प्रदीप शाही र निर्माताहरू कान्स मार्केटमा छन् । त्यहाँ पुगेर प्रदीपले यो फिल्मको प्रवर्धन गर्नेछन् । यसबाहेक, थिएरी क्लिफा निर्देशित फ्रान्सेली भाषाको फिल्म 'ला फेम्मे ला प्लस रिच डु मोन्ड'को रेडकार्पेट र स्क्रिनिङमा उनी सहभागी हुनेछन् ।





# १६औं प्रिज्मा डिसिने अवार्ड वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** १६औं प्रिज्मा डिसिने अवार्ड भव्यरूपमा सम्पन्न भएको छ । किर्तीपुरको कीर्तिपुर सिनेप्लेक्स सिनेमा हलमा आयोजित भव्य कार्यक्रमका बीच मनोनयनमा रहेका उत्कृष्ट पाँच मध्येबाट सर्वोत्कृष्ट घोषणा गरिएको हो ।

छायाँछवी क्रियसनको प्रस्तुतिमा भएको अवार्डमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी प्रमुख अतिथि रहेका थिए । चलचित्र सम्बन्धी विभिन्न २१ विधामा अवार्ड प्रदान गरिएको अवार्डका अध्यक्ष शान्तिप्रियले बताए ।

समारोहमा कलाकार दिपकराज गिरी र अभिनेत्री रेजिना उप्रेतीलाई 'छायाछवी चलचित्रकर्मी रजत सम्मान'' अर्पण गरियो । नेपाली चलचित्र क्षेत्रमा २५ वर्षभन्दा बढी समयदेखि पुर्‍याएको अतुलनिय योगदानको कदर गर्दै गिरी र उप्रेतीलाई सम्मान गरिएको हो । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, बिशिष्ट कलाकारद्वय बसुन्धरा भुसाल, चैत्यदेवी लगायतको हातबाट दोसल्ला र प्रमाणपत्र सहित सम्मान गरिएको थियो । त्यस्तै सञ्चारकर्मी गीता अधिकारी 'रेखा फिल्म्स् छायाछवि चलचित्र पत्रकारिता पुरस्कार'बाट नगद १६ हजार रूपैयाँ सहित पुरस्कृत भइन् ।

सोहि समारोहमा अन्य गीतसंगीत, चलचित्र क्षेत्रका कलाकार र व्यवसायीलाई सम्मान गरिएको थियो । गायिका अनिता कुवँरलाई छायाँछबि गायनकला सम्मान अर्पण गरियो भने नवीनश्रेष्ठ, निखील बिसी, ओम अग्रवाल र प्रिज्योल भण्डारी छायाँछबि कला सम्मानबाट सम्मानित भए । त्यस्तै छायाँछबि संगीत ब्यबसायी सम्मानबाट शिवराज पौडेल सम्मानित भए ।

अवार्ड कार्यक्रममा चलचित्र अगत्स्यबाट सौगात मल्ल सर्वोत्कृष्ट अभिनेताको अवार्ड उचाले भने केकी अधिकारी प्रसाद २ बाट उत्कृष्ट अभिनेत्री घोषित भएकी भइन् । त्यस्तै, बुलाकी सर्वोत्कृष्ट फिल्म घोषित भयो भने भने दिमाग खराब चलचित्रबाट निश्चल बस्नेतले सर्वोत्कृष्ट निर्देशकको अवार्ड हात पारे ।

चलचित्र बुलाकीबाट राजबहादुर सानेले उत्कृष्ट लेखनको अवार्ड हात पार्दा नाङ्गे गाउँबाट शिशिर वाङ्देल सर्वोत्कृष्ट खलपात्र घोषित भए ।

सर्वोत्कृष्ट छाँयाकार बुलाकीबाट शिव ढकाल, ऐंचो पैंचोबाट विपीनमल्ल/भुपेन्द्र अधिकार सर्वोत्कृष्ट सम्पादक बन्न सफल भए । यसैगरि अर्जुन पोखरेल सर्वोत्कृष्ट संगीतकार उपहार (कहिले बार बिर्सिन्छु), प्रताप दास सर्वोत्कृष्ट पाश्र्वगायक तिम्रो आखाँमा (नाईं नभन्नु ल - ६), दुर्गा खरेल तिमी बदनामी गीतबाट (नीरफुल )सर्वोत्कृष्ट पाश्र्वगायिका, हर्क साउद रीत (जारी), शाश्वत श्रेष्ठले उपहार चलत्रिबाट सर्वोत्कृष्ट पाश्र्व संगीतको अवार्ड हात पारे । उपहार चलचित्रबाटै सञ्जय श्रेष्ठले सर्वोत्कृष्ट ध्वनी मिश्रणको अवार्ड चुमे ।

यस्तै, जारी चलचित्रबाट उपेन्द्र सुब्बा उत्कृष्ट नवनिर्देशक घोषित भने रितेश चाम्सले गोर्खा वारियरबाट उत्कृष्ट नवअभिनेताको अवार्ड उचाल्न सफल भए भने नवअभिनेत्री नीरफुलबाट शान्ती वाइवाको हातमा पर्‍यो । उत्कृष्ट द्वन्दनिर्देशकको अवार्ड श्री श्रेष्ठले काँडेतारबाट चुमे भने कविराज गहतराजले काले केटाले (ऐंचोपैंचो) बाट सर्वोत्कृष्ट नृत्य निर्देशकको अवार्ड हात पारे । यसैगरि अगत्स्यबाट नाजीर हुसेन सर्वोत्कृष्ट सह-अभिनेता घोषित भए भने उपहारबाट अभिनेत्री पूजा शर्मा सह-अभिनेत्री ठहरिन् । नवअभिनेता जुरी अवार्ड बुलाकी चलचित्रबाट बिराज विष्टले उचाले ।

अवार्डका लागि चलचित्र सेलेक्सन कमीटीको जुरीमा शोभा पाण्डे, राजन खरेल र कमल एक्चै मगर रहेका थिए । मोहन निरौलाको संयोजनमा बनेको अवार्डको जुरी मण्डलमा बिजय रत्न तुलाधर, सन्तोष श्रेष्ठ शोभीता सिंखडा रहेका थिए । कार्यक्रममा वरिष्ठ गायिका देविका बन्दना, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, अभिनेता गजित विष्ट, प्रिज्मा टेलिभिजनका अध्यक्ष निर्जल श्रेष्ठ, चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली लगायतका कलाकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रम संचारकर्मी निराजन भण्डारीले संचालन गरेका थिए भने कार्यक्रममा अस्मिता पुरी र सुरेन बसेलको नृत्य समूहले सांगीतिक प्रस्तुति दिएका थिए ।


# मधेसको कथावस्तुमा फिल्म 'प्रतिवैरम' बन्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोशन दासको निर्देशनमा नयाँ फिल्म 'प्रतिवैरम' निर्माण हुने भएको छ । शुक्रबार एक कार्यक्रमबीच निर्माणको औपचारिक घोषणा गरियो ।

मधेश केन्द्रित कथामा बन्न लागेको फिल्मको निर्माण पक्षले पोस्टर सार्वजनिक गर्दै यसको घोषणा गरेका हुन् । पोस्टरमा रावणलाई पृष्ठभूमिमा राखेर अधिल्तिर एक व्यक्ति उभिएको देख्न सकिन्छ ।

मधेशबारे बन्ने फिल्ममा मधेशको वास्तविक सौन्दर्य र समस्या खासै नपाइने निर्देशक दासले बताए । उनले फिल्मबारे भने, 'हाम्रो सिनेमामा त्यो अभाव नहोस् भन्ने हिसाबले काम गरेका छौं ।'




दासका अनुसार यो फिल्म मधेश केन्द्रित रहेर सामाजिक र राजनीतिक विषयवस्तुमा आधारित हुनेछ । फिल्मलाई रेज इन्टरटेनमेन्टले आत्रेय प्रोडक्सन हाउस, किड्स वाईटी स्टुडियो र श्रीयन इन्टरटेमेन्टसँगको सहकार्यमा निमार्ण गर्न लागेको हो ।

फिल्मको कथा निर्देशक दास स्वयको छ भने पटकथा युवराज भट्टराईले लेखेका छन् । नीरज कँडेलले खिच्दै छन् । कलाकार भने केही समयमा सार्वजनिक गरिने दासले जनाए । उनले भने, 'हामीले केही नयाँ र केही पुराना अग्रज कलाकारसँग यो परियोजनामा काम गर्दैछौं ।' प्रदर्शन २०८२ सालको अन्त्यतिर गर्ने निर्माताको योजना छ ।

# भारतीय अभिनेत्री नोरा फतेही नेपालमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय अभिनेत्री तथा नृत्यांगना नोरा फतेही नेपाल आएकी छन् । शिक्षाबाट वञ्चित बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था 'ह्युमन रेस्पेक्ट नेपाल' को सहयोगार्थ आयोजना हुने च्यारिटी कार्यक्रममा सहभागी हुन उनी नेपाल आएकी हुन् ।

कार्यक्रममा उनले आफ्ना चर्चित गीतमा नृत्य प्रस्तुत गर्नेछिन् । नेपाली कलाकार दुर्गेश थापा, नृत्यांगना तेरिया फौजा मगर, नृत्यकार समर्पण लामा र भ्वाइस अफ नेपाल सिजन ६ का टप फाइनलिष्ट इन्द्रकला राई, रोशन राई, अर्पणा आचार्य, प्रमेश राई, प्रशेस पाण्डेलगायतले प्रस्तुति दिने आयोजक तथा इभेन्ट म्यानेजर मनिष कार्कीले जानकारी दिए । कार्कीका अनुसार उनी वसन्तपुर, पशुपतिलगायत सम्पदाको पनि भ्रमण गर्नेछिन् । बौद्धस्थित हायातमा आयोजना हुने कार्यक्रमका लागि उनीसँग २० बढी नृत्यांगना पनि सहभागी हुनेछन् ।

अभिनेत्री फतेहीको नृत्य रहेका 'दिलबर दिलबर', 'कुसु कुसु', 'ओ साकी साकी', 'नाच मेरी रानी', 'स्नेक डान्स' लगायतका गीत लोकप्रिय छन् ।

**रंगशाला**

# चर्च ब्वाइजलाई हराउँदै मोरङ फाइनलमा



■ प्रभाव संवाददाता

**धनकुटा–** अन्तिम समयमा सम्हालिन नसक्दा चर्च ब्वाइज युनाइटेड रारा गोल्डकपको सेमिफाइनलबाट बाहिरिएको छ ।

चर्चलाई सडनडेथमा ४-५ ले पराजित गर्दै एलएक्स फुटबल क्लब बेलबारी मोरङ फाइनलमा प्रवेश गरेको हो । योसँगै आइतबार हुने फाइनलमा बिर्तामोड युनाइटेड र मोरङ भिड्ने भएका छन् ।

निर्धारित समयको खेल २-२ को बराबरीमा सकिएको थियो । त्यसपछि खेल टाइब्रेकर र सडनडेथमा पुगेको हो । ११औं मिनेटमा प्रदीप लामाले गोल गर्दै मोरङले सुरुआती अग्रता लिएको थियो ।

दोस्रो हाफमा निक्कै सुधारिएको खेल प्रदर्शन गरेको चर्चले समीर तामाङको गोलमार्फत २-१ को अग्रता बनाएको थियो । उनले ५४ र ७८औं मिनेटमा गोल गरे । तर, इन्जुरी समयको अन्तिम मिनेटमा मोरङका छिरिङ गुरुङले गोल गरेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

टाइब्रेकरमा मोरङका प्रताप राई, प्रदीप लामा, हिसुब मलिक र देवेन्द्र तामाङले गोल गरे । गोलकिपर विवेक मगरको प्रहार बाहिरियो । चर्चका सुरजसिंह ठकुरी, चन्दन दास, रोशन पहाडी र आकाश राईले गोल गरे । पदम भट्टराईको प्रहार गोलकिपर विवेकले बचाए ।

सडनडेथमा छिरिङले गोल गर्दा चर्चका समीरको प्रहार गोलकिपर विवेकले पन्च गरेर बचाए । एल क्सका गोलकिपर विवेक स्यान अफ द म्याच घोषित भए ।

# यू-१६ क्रिकेट: छनोट तालिका सार्वजनिक

■ प्रभाव संवाददाता

**बैतडी–** एसिसी मेन्स यू-१६ इस्ट जोन कप, २०२५ को सुदूरपपिश्चम छनोट बैतडीमा हुने भएको छ । प्रतियोगिता यही जेठ ८ गतेदेखि बैतडीको दशरथचन्द क्रिकेट रंगशाला, सुन्दरखालीमा हुने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव लक्ष्मणदत्त भट्टले जानकारी दिए ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घ र बैतडी जिल्ला क्रिकेट सङ्घको संयुक्त आयोजनामा सञ्चालन हुने प्रतियोगिताको खेलतालिकासमेत सार्वजनिक गरिएको छ । प्रतियोगितामा नेपाल क्रिकेट सङ्घमा अबद्ध सुदूरपश्चिमका आठ जिल्लाको सहभागिता रहनेछ ।

सहभागी आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा डडेल्धुरा, बैतडी, बझाङ र डोटी तथा समूह 'बी'मा अछाम, कैलाली, कञ्चनपुर र दार्चुला छन् ।

यही जेठ ८ गते हुने पहिलो तथा उद्घाटन खेल बैतडी र बझाङबीच हुनेछ । सोही दिन हुने अर्को खेल डडेल्धुरा र डोटीबीच प्रतिस्प्रर्धा हुनेछ ।

जेठ ९ गते बैतडी र डडेल्धुरा र बझाङ र डोटीबीच हुनेछ भने जेठ १० गते डडेल्धुरा र बझाङ तथा बैतडी र डोटीबीच हुनेछ । जेठ ११ गते अछाम र कैलाली तथा कञ्चनपुर र दार्चुलाबीच हुने जनाइएको छ । साथै जेठ १२ गते अछाम र कञ्चनपुर तथा कैलाली र दार्चुला खेल्नेछन् ।

जेठ १३ गते कैलाली र कञ्चनपुर तथा अछाम र दार्चुलाबीच भिडन्त हुनेछ । जेठ १४ गते समूह 'ए' विजेता र 'बी'को विजेता उपाधिका लागि खेल्नेछन् । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रदेशको टोलीमा समावेश गरिनेछ ।

एशियन क्रिकेट काउन्सिलको कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घले एसिसी मेन्स यू-१६ इस्ट जोन कप २०२५ को छनोटका लागि यही महिनामा राष्ट्रिय प्रतियोगिता गर्दै छ ।

# डम्बर धामी स्मृति टी-१० क्रिकेट आजदेखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** स्व. डम्बर धामी स्मृति टी-१० क्रिकेट प्रतियोगिता अजदेखि सुरु हुने भएको छ । नेपालका तीन विश्वविद्यालयका १२ कलेजका टिमको सहभागीता रहने प्रतियोगिता कीर्तिपुरस्थित त्रिवी क्रिकेट मैदानमा सञ्चालन हुने छ ।

जेठ ८ गतेसम्म हुने यस प्रतियोगितामा १२ टिमलाई ४ समूहमा विभाजन गरि लिग चरण अन्तर्गत १ दिनमा ३ देखि ४ खेल खेलाइनेछ । प्रतियोगिताको विजेताले ३५ हजार र उपविजेताले २० हजार रूपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिताको इन्ट्रीफी १५ हजार रूपैयाँ रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिता अनेरास्ववियू पूर्वाञ्चल विश्वविद्यालय राष्ट्रिय कमिटीद्वारा स्व. डम्बर धामिको स्मृतिमा खेलाइँदै छ । डडेलधुराको धामी गत साल मंसिरमा जिप दुर्घटनामा घाइते भइ उपचारको क्रममा स्वर्गारोहण भएको थियो । उनी हिस्ट इन्जिनियर कलेजबाट आफ्नो इन्जिनियरको पढाइ सकाएको केही समयपछि दुर्घटना भएको थियो ।

प्रतियोगिताको समूह एमा हिस्ट इन्जिनियरिङ कलेज, कान्तिपुर इन्टरनेसनल कलेज र एक्मे इन्जिनियरिङ कलेज छन्। समूह बीमा हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेज, जियोम्याटिक इन्स्टिच्युट अफ टेक्नोलोजी र कोसमस कलेज अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी छन् । यस्तै, समूह सीमा कान्तिपुर सिटी कलेज, कलेज अफ आइटी एन्ड इन्जिनियरिङ र हिलसाइड कलेज अफ इन्जिनियरिङ छन्। यसैगरी समूह डीमा कान्तिपुर इन्जिनियरिङ कलेज, पशुपति मल्टिपल क्याम्पस र रत्नराज्य लक्ष्मी क्याम्पस छन् ।

प्रतियोगिताको पहिलो दिन पहिलो खेलमा समूहको हिस्टविरुद्ध कान्तिपुर इन्टरनेसनल कलेजले प्रतिस्पर्धा गर्नेछ। यस्तै, दोस्रो खेलमा कान्तिपुर सिटी कलेज र हिलसाइडबीच प्रतिस्पर्धा हुनेछ। त्यसैगरी तेस्रो खेलमा कान्तिपुर इन्जिनियरिङ कलेजले पशुपति क्याम्पसको सामना गर्नेछ ।



मौरिटानियाको राजधानी नौकचोटमा निर्माणाधीन चीन–मौरिटानियन मैत्री ओभरपास। चीनको सहयोगमा निर्माणाधीन उक्त ओभरपासले नौकचोटमा ट्राफिक जामलाई उल्लेखनीयरुपमा कम गर्ने र मौरिटानियाको आर्थिक वृद्धिमा दीर्घकालीन प्रभाव पार्ने बताइएको छ। *तस्बिरः सिन्ह्वा*

# अमेरिकी अदालतको फैसलाले सरकारको आप्रवासी नीति प्रभावित



**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार अमेरिकी सर्वोच्च अदालतको पछिल्लो निर्णयप्रति आफ्नो गम्भीर असन्तोष सार्वजनिकरूपमा व्यक्त गरेका छन्। अदालतले भेनेजुयली आप्रवासीहरूलाई शीघ्र निष्कासन गर्ने सरकारको प्रयासलाई रोकेको सन्दर्भमा उनले उक्त प्रतिक्रिया दिएका हुन्।

ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मार्फत यस्तो अभिव्यक्ति व्यक्त गरेका हुन्। 'संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले जनताको मतद्वारा प्राप्त गरिएका जिम्मेवारीहरू निर्वाह गर्न नदिएको अवस्था उत्पन्न भएको छ। यो दिन राष्ट्रका लागि चिन्ताजनक र खतरापूर्ण देखिन्छ,' उनले लेखेका छन्।

राष्ट्रपति ट्रम्पले यस निर्णयले गम्भीर आपराधिक क्रियाकलापमा संलग्न, गिरोहसँग आबद्ध तथा मानसिक स्वास्थ्य समस्याबाट ग्रस्त आप्रवासीहरूलाई पनि निष्कासन नगरी लामो कानुनी प्रक्रियामा राख्नुपर्ने अवस्था सिर्जना भएको बताएका छन्। उनका अनुसार यस्तो प्रक्रिया खर्चिलो र दीर्घकालीन हुने भएकाले राष्ट्रको सुरक्षामा असर पर्न सक्ने देखिन्छ।

गत मार्च महिनामा राष्ट्रपति ट्रम्पले विदेशी शत्रु ऐनअन्तर्गत केही भेनेजुयली आप्रवासीहरूलाई न्यायिक प्रक्रिया अघि नबढाई एल साल्भाडोर पठाउने निर्णय लिएका थिए। सो निर्णय सर्वोच्च अदालतले अप्रिल १९ मा अस्थायीरूपमा रोकेको थियो।

शुक्रबारको फैसलामार्फत अदालतले टेक्सास राज्यमा रहेका थप आप्रवासीहरूको प्रस्तावित निष्कासन कार्यलाई समेत हालका लागि स्थगन गरेको छ। *रासस/एएफपी*

# गाजामा आक्रमण तीव्र, इजरायली सेनाद्वारा हवाई र स्थलीय फौज तैनाथ



**यरुशलेम–** इजरायली सेनाले शुक्रबार गाजा क्षेत्रमा आफ्ना आक्रमणहरू अझ तीव्र बनाएको छ। यसअन्तर्गत हवाई बमबारी र थप स्थलगत सेनाहरू पनि पठाइएको जानकारी दिएको छ, जसको उद्देश्य गाजाका केही भागमा नियन्त्रण कायम गर्नु हो।

इजरायली सुरक्षाबलले 'गिदेओनका रथ' नामक नयाँ अभियान सुरु गरिएको जनाएको छ, जसको उद्देश्य युद्धका प्रमुख लक्ष्य बन्धकको मुक्तिमा सहयोग पुऱ्याउनु र हमास नामक समूहको सञ्जाल हटाउनु रहेको छ।

'हामी आफ्ना नागरिकको सुरक्षाका लागि काम गरिरहने छौं र युद्धका लक्ष्य प्राप्त नहुँदासम्म हाम्रो कारबाही जारी रहने छ,' सुरक्षाबलको भनाइ छ। यसअघि प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुले केही दिनभित्र इजरायली सेनाहरू पूर्ण बलका साथ गाजामा प्रवेश गर्ने बताएका थिए।

गाजाका स्वास्थ्य अधिकारीका अनुसार, शुक्रबार मात्र उत्तर गाजामा इजरायली बमबारीका कारण कम्तीमा १०९ जनाको मृत्यु भएको छ भने २१६ जना घाइते भएका छन्।

गत वर्ष असोजदेखि सुरु भएको द्वन्द्वमा हालसम्म ५३ हजार ११९ जना मारिएका छन् भने एक लाख २० हजार २१४ जना घाइते भएका छन्। हमासले इजरायलमाथि युद्धविरामका लागि भइरहेका पहलहरूलाई बेवास्ता गरेको आरोप लगाएको छ। *रासस/सिन्ह्वा*

## १० जना प्यालेस्टिनी रिहा

**गाजा–** इजरायली सेनाले गाजा क्षेत्रमा सञ्चालन गरेको पछिल्लो सैनिक अभियानको क्रममा पक्राउ परेका १० जना प्यालेस्टिनीलाई रिहा गरेको जनाएको छ।

रिहागरिएका व्यक्तिहरूलाई उपचारका लागि गाजाको केन्द्रमा रहेको देइर अल–बलाहस्थित 'सहिदहरूका अल अक्सा अस्पताल' पुऱ्याइएको स्थानीय प्यालेस्टिनी स्रोतहरूले जनाएका छन्।

अन्तर्राष्ट्रिय रेडक्रस समितिले एक विज्ञप्ति जारी गर्दै बन्दीहरूलाई रिहा गर्न र उनीहरूलाई अस्पतालमा स्थानान्तरण गर्न अभियानले सहज बनाएको स्पष्ट पारेको छ। साथै, उक्त प्रक्रिया रिहा भएका व्यक्ति र उनीहरूका परिवारहरूबीच पुनः भेटघाट तथा सम्पर्क कायम गर्न पनि सहयोगी भएको जनाइएको छ।

इजरायली पक्षले गाजा क्षेत्रमा हजारौं महिला, बालबालिका तथा अन्य नागरिकलाई हिरासतमा लिई तीमध्ये धेरैलाई जबरजस्ती बेपत्ता पारेको आरोप लागेको छ। यसै क्रममा करिब ६० जना प्यालेस्टिनी इजरायली हिरासतमा यातनाका कारण ज्यान गुमाइसकेको बताइएको छ। *रासस/क्युएनए*

# इन्धनमा बायोइथानोलको प्रयोग बढाउँदै इण्डोनेसिया

**जकार्ता–** इण्डोनेसियाको ऊर्जा तथा खनिज स्रोत मन्त्रालयले सन् २०२६ देखि इन्धनमा पाँच प्रतिशत बायोइथानोल (ई-५) मिश्रणलाई अनिवार्य रूपमा लागू गर्ने निर्णय गरेको छ। मन्त्रालयअन्तर्गत नयाँ तथा नवीकरणीय ऊर्जा तथा ऊर्जा संरक्षण विभागकी महानिर्देशक एनीय लिस्टियानी डेवीले शुक्रबार उक्त जानकारी दिएकी हुन्।

'बायोइथानोल' एक प्रकारको जैविक इन्धन हो, जुन प्राकृतिक स्रोतहरूजस्तै ऊखु, मकै, गहुँ, कसावा, खण्ड आदि बालीबाट बनाइन्छ। यसलाई प्रायः इन्धनको रूपमा पेट्रोलसँग मिसाएर प्रयोग गरिन्छ, जसले सवारीसाधन चलाउन सहयोग पुऱ्याउँछ। बायोइथानोलले वातावरणमा हुने दूषित ग्यासहरूको मात्रा घटाउने, स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने र आयातीत इन्धनको परनिर्भरता घटाउने काम गर्छ। यस इन्धनको प्रयोगले किसानलाई बजार उपलब्ध गराउँछ र देशको ऊर्जा आत्मनिर्भरतामा टेवा पुग्ने विश्वास गरिएको छ।

उनका अनुसार यो योजना क्रमिकरूपमा लागू गरिने छ, जसको प्रारम्भ जाभा टापुबाट हुने छ। हाल देशमा १३ वटा चिनी र सहायक उद्योगहरू भए पनि तीमध्ये केवल तीनवटाले मात्र इन्धन गुणस्तर अनुरूपको इथानोल उत्पादन गरिरहेका छन्। 'हालसालै मात्र तीनवटा उद्योगहरूले वार्षिक ६० हजार किलोलिटर इन्धनस्तरीय इथानोल उत्पादन गर्न सक्ने क्षमता राखेका छन्,' महानिर्देशक देवीले बताइन्।

सरकारी तथ्यांकअनुसार पाँच प्रतिशत बायोइथानोल मिश्रणको आवश्यकता पूरा गर्न इण्डोनेसियाले वार्षिक १० देखि १२ लाख किलोलिटर इथानोल आवश्यक पर्ने छ। यस आवश्यकतालाई पूरा गर्न सरकार ऊखु, कसावा तथा काँचो गुलियो पदार्थहरू (जस्तैः पाम सुगर) बाट इथानोल उत्पादनलाई प्रवर्द्धन गर्ने रणनीतिमा रहेको छ।

यो पहल इण्डोनेसियाको जीवाश्म इन्धनमा निर्भरता घटाउने तथा हरित ऊर्जा प्रवर्द्धनमार्फत कार्बन उत्सर्जन न्यूनीकरण गर्ने दीर्घकालीन लक्ष्यसँग सुसंगत रहेको बताइएको छ। *रासस/सिन्ह्वा*

# लाओसमा बढ्दो मुद्रास्फीतिको गम्भीर असर रोजगारी र जीवनस्तरमा

**भिएन्तियान–** लाओसमा बढ्दो मुद्रास्फीति (मूल्यवृद्धि) का कारण नागरिकहरूको जीवनस्तरमा गिरावट आएको र श्रमबजारमा ठूलो परिवर्तन देखिएको विश्व बैंकको सर्वेक्षणले देखाएको छ। नागरिकहरू स्वरोजगारीतर्फ आकर्षित हुन थालेका छन् भने धेरै श्रमिकहरू जीविकोपार्जनका लागि विदेश पलायन भइरहेका छन्।

सन् २०२५ को जनवरीदेखि फेब्रुअरीसम्म गरिएको विश्व बैंकको ताजा सर्वेक्षणअनुसार लाओसमा रोजगारी दर क्रमिकरूपमा बढिरहेको छ। जनवरी सन् २०२५ मा काम गर्ने व्यक्तिहरूको प्रतिशत ९७.१ पुगेको थियो जुन सन् २०२४ मा ९४.४ प्रतिशत र मे सन् २०२२ मा ८८.२ प्रतिशत थियो।

प्रतिवेदनअनुसार लाओसको मुद्रास्फीति दर घट्दै गएको छ। सन् २०२५ को जनवरीमा मुद्रास्फीति १५.५ प्रतिशतमा झरेको थियो, जुन डिसेम्बर सन् २०२४ मा १६.९ प्रतिशत थियो। अप्रिलसम्म यो दर ११.१ प्रतिशतमा झरेको उल्लेख गरिएको छ।

तर, विगत केही वर्षको निरन्तर मूल्यवृद्धिका कारण धेरै परिवारहरू अझै पनि आर्थिकरूपमा कमजोर अवस्थामा छन्। धेरै नागरिकले विदेशमा रोजगारी खोज्ने क्रम जारी राखेका छन्, जहाँ उनीहरूले तुलनात्मकरूपमा राम्रो आम्दानी पाउने आशा राखेका छन्।

उच्च मुद्रास्फीति विशेषगरी न्यून आय भएका परिवारमा गहिरो प्रभाव पारिरहेको छ। खानालगायतका आवश्यक वस्तुहरू महँगा भएपछि धेरै परिवारले बचत खर्च गर्न, पशु बेच्न वा ऋण लिन थालेका छन्। यसकै असरस्वरूप केही परिवारले स्वास्थ्य र शिक्षा खर्चमा कटौती गर्न थालेका छन्, जसका कारण गरिब परिवारका बालबालिका विद्यालय बाहिर रहने सम्भावना बढेको छ।

लाओसको केन्द्रीय बैंकले सन् २०२५ भित्र एक अंकको मुद्रास्फीति दर हासिल गर्ने लक्ष्यसहित आर्थिक तथा वित्तीय चुनौतीहरूसँग जुध्न सक्रिय उपायहरू अपनाउने जनाएको छ। *रासस/सिन्ह्वा*


## जापानको तेल प्रशोधन केन्द्रमा ग्यास चुहावट, एकको मृत्यु

**टोकियो–** जापानको ओसाका प्रान्तअन्तर्गतको सकाई सहरमा रहेको एक प्रमुख तेल प्रशोधन केन्द्रमा शनिबार बिहान ग्यास चुहावटको घटना भएको छ। उक्त घटनामा एक जना श्रमिकको निधन भएको छ भने दुई जना श्रमिक अस्पतालमा उपचाररत रहेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

घटना बिहान करिब १० बजेको समयमा भएको बताइएको छ। प्रशोधन केन्द्रको पाइप प्रणालीमा ग्यास चुहावट भएको र केही श्रमिकहरू अचेत अवस्थामा भेटिएका छन्। प्रारम्भिक अनुमानअनुसार, चुहिएको ग्यास विषालु हाइड्रोजन सल्फाइड हुन सक्ने जनाइएको छ। हाल घटनाको कारणबारे सम्बन्धित कम्पनीले आवश्यक अनुसन्धान गरिरहेको छ।

सात लाख ७० हजार वर्ग मिटर क्षेत्रमा फैलिएको यो प्रशोधन केन्द्र समुद्री किनारमा अवस्थित र जापानकै एक प्रमुख इन्धन प्रशोधनस्थलको रूपमा परिचित छ। *रासस/सिन्ह्वा*

# डिजिटल चीन निर्माणको कार्ययोजना सार्वजनिक




**बेइजिङ–** चीनले 'डिजिटल चीन' निर्माणलाई अघि बढाउन सन् २०२५ का लागि कार्ययोजना सार्वजनिक गरेको छ। योजनामा 'एआई प्लस' (कृत्रिम बुद्धिमत्ताको समावेश), पूर्वाधार सुधार, डेटा उद्योग प्रवर्द्धन र डिजिटल दक्ष जनशक्ति विकास जस्ता प्रमुख पहलहरू समेटिएको राष्ट्रिय डेटा प्रशासनले शुक्रबार जानकारी दिएको छ।

योजनाअनुसार तथ्यांक स्रोतको बजार अनुकूल व्यवस्थापनलाई प्रवर्द्धन गरिने, एकीकृत राष्ट्रिय तथ्यांक बजार विकास गरिने, स्थानअनुसार अनुकूल डिजिटल अर्थतन्त्रको प्रवर्द्धन गरिने र डिजिटल चीन निर्माणको समग्र स्तरलाई उल्लेखनीय रूपमा उकासिने छ। सन् २०२५ को अन्त्यसम्म चीनले डिजिटल चीन निर्माणमा महत्त्वपूर्ण प्रगति गर्ने लक्ष्य राखेको छ। नयाँ प्रविधियुक्त उत्पादन क्षमताको विस्तारसँगै डिजिटल क्षेत्रको गुणस्तर र कार्यक्षमता उल्लेखनीयरूपमा बढाउने योजना छ।

योजनाले तथ्यांकमा आधारित प्रमुख उद्योगहरूको मुल्यवृद्धि देशको कूल गार्हस्थ उत्पादनको १० प्रतिशतभन्दा बढी पुगोस् भन्ने लक्ष्य राखेको छ। त्यस्तै एकीकृत तथ्यांक बजार निर्माणमा प्रगति गर्ने र गणनात्मक क्षमता ३०० इएफएलओपिएसभन्दा माथि पुऱ्याउने लक्ष्य पनि रहेको छ।

कार्ययोजनामा आठ प्रमुख क्षेत्र समेटिएका छन्, जसमा व्यवस्थागत नवप्रवर्तन, स्थानीय पहिचानयुक्त प्रविधिको प्रवर्द्धन र कृत्रिम बुद्धिमत्तामा आधारित प्रयोगहरू प्रमुख छन्। उद्योग तथा सूचना प्रविधि मन्त्रालयका अनुसार चालु वर्षको पहिलो त्रैमासमा चीनको डिजिटल उद्योगले करिब आठ खर्ब ५० अर्ब युआनबराबरको आम्दानी गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा ९.४ प्रतिशतले बढी हो।

यस वर्षको सरकारको प्रतिवेदनमा उत्पादन प्रणालीको डिजिटल रूपान्तरणलाई तीव्रता दिने, उद्योगमा दक्षता र प्रविधिसहितको सेवा प्रदायकको विकास गर्ने र साना तथा मझौला उद्यमहरूको प्रविधिमैत्री विकासमा सहयोग बढाउने उल्लख गरिएको छ। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १८४८०० | प्रति तोला – ० | प्रति तोला – १९४५

## सगरमाथा आधार शिविर निरीक्षणमा पुगे गृह र पर्यटनमन्त्री



■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** नेपाल सरकारका गृहमन्त्री रमेश लेखक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे आज सगरमाथा आधार शिविर (बेसक्याम्प) क्षेत्रको निरीक्षण भ्रमणमा पुगेका छन् ।

पर्यटकीय यामका सन्दर्भमा आरोहीहरूको अवस्थाबारे प्रत्यक्ष जानकारी लिन र शान्ति सुरक्षासम्बन्धी अवस्था अवलोकन गर्न शनिबार उनीहरू खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित सगरमाथा आधार शिविर पुगेका हुन् । दुवै मन्त्रीलाई लिएर गएको हेलिकप्टर बिहानै खुम्बु क्षेत्रमा अवतरण गरेको थियो ।

भ्रमणका क्रममा गृहमन्त्री लेखकले सरकारले सगरमाथा क्षेत्रमा उद्धार, पर्वतारोहण सहयोग र पर्यटकहरूको सहजताका लागि निर्वाध रूपमा हेलिकप्टर उड्ने वातावरण सिर्जना गर्न तत्पर रहेको बताए । उनले शारीरिक रूपमा कमजोर वा दुर्घटनामा परेका पर्यटकको उद्धारका लागि हेलिकप्टर अत्यावश्यक रहेको उल्लेख गर्दै सरकारको नीति यस्तो सेवालाई सहज र संयमित बनाउने दिशामा केन्द्रित हुने स्पष्ट पारे । गृहमन्त्री लेखकले भने, 'सगरमाथा क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सरकारले अब फरक ढंगले जनमुखी नीति कार्यान्वयन गर्दैछौं, हामी उद्धारका हेलिकप्टर उडानमा रोक लगाउने होइन, अव्यवस्थित र अनावश्यक उडानलाई नियमन गर्ने तयारीमा छौं ।' हालसम्म सगरमाथा क्षेत्रमा उद्धारबाहेकका हेलिकप्टर उडान रोक्नुपर्ने भन्ने स्थानीय माग हुँदै आएको छ ।

गाउँपालिकाले बारम्बार हेलिकप्टरको दुरूपयोग भएको भन्दै नियमित उडान रोक्न आग्रह गर्दै आएको हो । अर्कोतर्फ पर्यटन व्यवसायीहरूले अत्यधिक हेलिकप्टर उडानमा प्रतिबन्धले व्यवसायमा नकारात्मक असर परेको जनाउँदै नियमनसहितको स्वतन्त्रता माग गर्दै आएका छन् । गृहमन्त्री लेखकले प्रधानमन्त्री केपी शर्मा ओलीसमेत सगरमाथा क्षेत्रमा देखिएका समस्याबारे जानकार रहेको उल्लेख गर्दै समस्या समाधानका लागि सगरमाथा संवाद कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए ।

त्यसैगरी पर्यटनमन्त्री पाण्डेले सरकार नेपालको पर्यटन विकासमा गम्भीर रहेको बताए । उनले सगरमाथा जस्तो विश्व प्रसिद्ध गन्तव्यको अवस्थालाई नियालेर आवश्यक पूर्वाधार विकास तथा व्यवस्थापनका काम अघि बढाइने उल्लेख गरे । 'हामीले हिमाल र हिमाली क्षेत्रलाई उच्च प्राथमिकता दिएका छौं, यसै सन्दर्भमा हामी आधार शिविरमा उपस्थित भएका छौं र यहाँको समस्या उजागर गर्दै समाधानतर्फ उन्मुख हुनेछौं', मन्त्री पाण्डेले भने ।

उक्त अवसरमा सहभागी पर्यटन व्यवसायी तथा सरोकारवालाहरूले सगरमाथा क्षेत्रको समग्र व्यवस्थापन सुधारका लागि विभिन्न सुझाव र माग प्रस्तुत गरेका थिए । तीमध्ये आधार शिविरमा सञ्चार सेवा विस्तार, लुक्ला-खुम्बु जोड्ने सडकको स्तरोन्नति, बेसक्याम्पमा आपतकालीन हेलिकोप्टर संख्या वृद्धि, आरोही कल्याणकारी कोषको स्थापनाजस्ता माग प्रमुख थिए ।

यस्तै कीर्तिमानी आरोही कामी रिता शेर्पालगायत प्रतिनिधिले सम्पर्क अधिकृतको सफ्या बढाउन, खुम्बु क्षेत्रमा बाटो निर्माणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई पाँच वर्षको म्याद थप गर्नुपर्ने सुझाव दिएका थिए । पर्यटनमन्त्री पाण्डेले प्रस्तुत सुझावप्रति सकारात्मक दृष्टिकोण व्यक्त गर्दै सरकारका तर्फबाट व्यवसायी तथा स्थानीयको चासो र मागलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## हरित जलवायु कोषमा निजी क्षेत्रको पहुँच सुनिश्चित गर्न जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले हरित जलवायु कोष जस्ता अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रहरूमा निजी क्षेत्रको पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

निजी क्षेत्र जलवायु परिवर्तनको प्रभाव प्रत्यक्ष रूपमा भोगिरहेको भन्दै ढकालले त्यसको समाधानमा सक्रिय भूमिकाको लागि तयार रहेको उल्लेख गरे । काठमाडौंमा जारी सगरमाथा संवादमा निजी क्षेत्रको तर्फबाट आफ्ना धारणा राख्दै अध्यक्ष ढकालले नेपालका व्यवसायिक क्षेत्रहरू पहिल्यैदेखि जलवायु परिवर्तनको प्रत्यक्ष असर भोलिरहेको बताए ।

अध्यक्ष ढकालले जलवायु समाधानमा निजी क्षेत्रको भूमिका अझ सशक्त बनाउन जलवायु वित्तीय संयन्त्रहरूमा प्रत्यक्ष पहुँच आवश्यक भएको स्पष्ट पारे । 'यदि नेपालले जलवायु परिवर्तनसँग जुध्न प्रभावकारी रूपमा अनुकूलन र प्रतिक्रिया दिनु पर्‍यो भने, अन्तर्राष्ट्रिय जलवायु वित्तीय स्रोतहरूमा निजी क्षेत्रको पहुँच सरल र सहज हुनुपर्छ,' उनले जोड दिए ।



आपूर्ती श्रृंखलामा अवरोध, कृषि तथा पर्यटनमा संकट यी सबै जलवायु परिवर्तनका कारण भएको उल्लेख गर्दै अध्यक्ष ढकालले यी समस्या समाधानको लागि विश्व समुदायको तत्काल ध्यान जान जरुरी रहेको बताए ।

नेपालका होटलहरू सौर्य ऊर्जामा रूपान्तरण भइरहेको, किसानहरूले जलवायु-मैत्री विधिहरू अपनाइरहेको र जलविद्युत् कम्पनीहरूले स्वच्छ ऊर्जामा लगानी बढाइरहेका उल्लेख गर्दै अध्यक्ष निजी क्षेत्रले गरेका प्रयासलाई विस्तारमा थप सहयोग आवश्यक रहेको बताए । उक्त अवसरमा अध्यक्ष ढकालले तेस्रो ध्रुव (थर्डपोल) का रूपमा परिचित हिमालय क्षेत्र विश्वका अन्य क्षेत्रभन्दा तीव्र रूपमा तातिरहेको; यसले बाढीपहिरो र नदी प्रणालीमा परिवर्तन ल्याइरहेको; यसको असर पानी आपूर्ति, कृषि, र लाखौं मानिसको जीविकोपार्जनमा देखिएको भन्दै विश्वसमुदायको ध्यानाकृष्ट समेत गराए ।

विदेशी लगानी र प्रविधि हस्तान्तरणले नेपालको जलवायु सहनशीलता बलियो बनाउन ठूलो भूमिका खेल्ने भन्दै उनले नेपाल सरकारले लगानीमैत्री वातावरण बनाउन ३० भन्दा बढी कानुनमा सुधार गरेको, द्विपक्षीय लगानी सम्झौताको रूपरेखा तयार गरेको, र हाल विदेशी मुद्रा सञ्चिति १७.६३ अर्ब अमेरिकी डलर पुगेको जानकारी दिँदै अन्तर ाष्ट्रिय साझेदार र लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आग्रह गरे ।

हिमालहरू जोगाउन, जनताको भविष्य सुरक्षित गर्न, र समावेशी, सुरक्षित तथा दिगो भविष्य निर्माण गर्न ढिला गर्न नहुने भन्दै अध्यक्ष ढकालले त्यो सहकार्यका लागि विश्व समुदायलाई आग्रह गरे । उनले त्यो साझेदारी र र सहकार्यका लागि निजी क्षेत्र सधैं तयार रहेको समेत बताए ।

## किसानको पहुँचमा आधुनिक कृषियन्त्र

■ प्रभाव संवाददाता

**ढोरपाटन–** एक दशक अगाडिसम्म परम्परागत खेती प्रणाली अपनाएका बागलुङका किसान पछिल्लो समय आधुनिक यन्त्रको प्रयोग गर्न थालेका छन् । उनीहरूले खेतबारी जोत्न, धान, गहुँ काट्न र चुट्न आधुनिक यन्त्रको प्रयोग गर्न थालेका हुन् । जिल्लाको ग्रामीण क्षेत्रसम्मै किसानले यान्त्रिक हलो, 'थ्रेसर मेसिन', चाप कटरलगायतका यन्त्रहरू प्रयोग गर्दै आएका छन् ।

कामलाई छिटो हुने र शनक्ति कम लाग्ने हुँदा हिजोआज आधुनिक यन्त्रणको प्रयोग गर्न थालेको गलकाट नगरपालिका-८ का किसान बलिभद्र सापकोटाले बताए । पहिले आठ/दश मुरी गहुँ काट्नका लागि १२ जना खेतलाले दिनभरि काम गर्नुपरेको स्मरण गर्दै उनले अहिले 'थ्रेसर मेसिन'ले एकैछिनमा काम गर्न सकिने अनुभव सुनाए ।

उनले भने, 'गाउँमा पहिले हल गोरूले बारी जोत्ने, थुप्रै खेताला लगाएर धान, गहुँ काट्ने र भित्र्याउने गरिन्थ्यो, अहिले पहिलेको जस्तो खेतला पनि पाइँदैनन्, धेरैले मेसिन लिएर बारीमा काम गर्न थालेका छन्, मान्छेले दिनभरि गर्ने काम मेसिनले एकै घण्टामा गर्छ, धेरै झन्झटिलो पनि भएन, त्यही भएर अहिलेका मान्छेहरू ऋण गरेर भए पनि मेसिन किन्न थालेका छन् ।'

काठेखोलाका किसान कुलप्रसाद कँडेलले बाली लगाउन र भित्र्याउनका लागि मेसिनले ठूलो भूमिका खेलेको बताए । पछिल्लो समय युवा शक्ति विदेश पलायन भएपछि गाउँमा खेतलासमेत पाइन छोडेको उनको भनाइ छ । अब सरकारले हरेक किसानलाई आधुनिक प्रविधिसँग जोडेर उत्पादन बढाउनका लागि सहयोग गर्नुपर्ने कँडेल बताउँछन् ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बर्सेनि यहाँका किसानलाई 'मिनिटेल हलो', चाप कटर, थ्रेसर मेसिनलगायतका यन्त्रहरू अनुदानमा दिँदै आएको बताए । आधुनिक यन्त्रले किसानलाई उत्पादनमा ठूलो टेवा पुर्‍याएको उनको भनाइ छ ।

'परम्परागत खेती प्रणाली विस्तारै कम हुँदै गएको छ, अहिले त गाउँ-गाउँमा आधुनिक हलो, थ्रेसरलगायतका थुप्रै औजारहरू भित्रिएका छन्, जसले किसानको कामलाई सहज बनाएको छ भने, उत्पादनमा पनि केही वृद्धि हुन थालेको हामीहरूले महसुस गरेका छौं', अध्यक्ष थापाले भने, 'गाउँपालिकाले किसानका आवश्यकताका आधारमा अनुदानमा उपकरण दिन्छौं ।'

## स्वच्छ ऊर्जा उत्पादन क्षमता वृद्धिमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरोकारवालाहरूले दिगो विद्युत् उत्पादनलाई स्वच्छ ऊर्जाको उत्पादन क्षमता वृद्धिमा जोड दिएका छन् । शुक्रबारदेखि सुरु भएको सगरमाथा संवादको शनिबार दोस्रो दिनको पाँचौं समानान्तर सत्रअन्तर्गत 'भविष्यको ऊर्जा: स्वच्छ ऊर्जाको सदुपयोग' विषयमा बोल्दै उहाँहरूले ऊर्जा उत्पादन बढाएर निर्यात प्रवर्द्धनका लागि स्वच्छ ऊर्जाको सदुपयोग बढाउन आवश्यक रहेको बताएका हुन् ।

सत्रमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जलवायुजन्य चुनौतीका कारण पानीको स्रोत घट्ने र जलविद्युत् उत्पादनमासमेत असर पुग्ने बताए । 'जाडो याममा पानीको स्रोत घट्दा नै नेपालले ऊर्जा भारतबाट आयात गरेर विद्युत् आपूर्ति गराएका छौं', उनले भने, 'अर्को समस्या भनेको प्रसारण लाइन जडानकै क्रममा धेरैजसो स्थानीय प्रतिरोधको सामना गर्नुपरेको छ, सर्वसाधारणहरू प्रसारण लाइन चाहन्छन्, तर आफ्नै घर अगाडि र पछाडि होइन, अब त्यसलाई कसरी प्रवर्द्धन गर्ने ?'

शाक्यले उद्योगहरूलाई विद्युतीकरण गर्नका लागि भरपर्दो ऊर्जा आवश्यक रहेको बताए । नेपालको प्रसारण प्रणाली निकै कमजोर रहेको भन्दै उनले भने, 'एकैपटक धेरैपटक लाइन काटियो, किनभने हाम्रो प्रसारण प्रणाली निकै कमजोर छ, एउटा लिंक बिग्रिएपछि सिंगो प्रणाली नै बन्द हुन्छ ।'

अहिले प्रसारण सञ्जालमा निजी क्षेत्रको सहभागिता पनि खोजिएका र यसका लागि नियामक संरचना आवश्यक पर्ने उनको भनाइ छ । 'निजी क्षेत्रलाई कसरी समावेश गर्ने भन्ने विषय महत्वपूर्ण छ, नेपाल विद्युत् प्राधिकरणसँग पर्याप्त वित्तीय स्रोत छैन, त्यसैले निजी क्षेत्रलाई आकर्षित गर्नुपर्छ', शाक्यले भने ।

यसैगरी काठमाडौं विश्वविद्यालयका उपकुलपतिका डा अच्युतप्रसाद वाग्लेले हरित ऊर्जा उत्पादन र प्रयोग प्रवर्द्धन गर्न निजी क्षेत्र र सरकारलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । 'अहिले हामी न्यूनतम ऊर्जा आवश्यकतालाई पूरा गर्न चाहन्छौं, तर लगानी कहाँबाट जुट्छ ? त्यसैले लगानीका नयाँ स्रोत पहिचान गर्नु अत्यावश्यक छ, केबल सार्वजनिक लगानीको भरमा मात्र यसो सम्भव हुँदैन', उनले भने, 'हरित जलवायुमैत्री लगानीका अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि जोड दिनुपर्छ ।'

जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण प्रभाव कार्य प्लेटफर्म केन्याका निर्देशक डा अदिति मुखर्जीले उच्चस्तरीय क्षमता विकास, प्रविधि हस्तान्तरण र समुदायलाई ऊर्जा रूपान्तरणको केन्द्रमा राख्नुपर्नेमा जोड दिए । 'हिन्दकुश हिमालय क्षेत्रभर जलविद्युत्सम्बन्धी उदाहरणमा नेपाल सबैभन्दा सकारात्मक र उत्कृष्ट उदाहरणमध्ये एक बनेको देखिएको छ, ग्रामीण समुदायसँग रोयल्टी साझेदारी गरिएका उदाहरण छन्, ग्रामीण समुदायले जलविद्युत्मा प्रत्यक्ष साझेदारी पाएको उदाहरण पनि छ, यी सबै न्याय संगत ऊर्जा रूपान्तरणमा समुदायलाई कसरी समावेश गर्न सकिन्छ भन्ने उत्कृष्ट अभ्यासका नमुना हुन्', उनले भने ।

अन्तरराष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीका महानिर्देशक फ्रान्चेस्को ला क्यामेराले सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि सार्वजनिक कोष स्थापनामा जोड दिए । उनले भने, 'उदाहरणका लागि, सौर्य ऊर्जा बिक्रीबाट आउने नियमित आम्दानीको केही हिस्सा सार्वजनिक कोषमा राख्ने र त्यो कोषबाट समाजका विपन्न वर्गलाई सहयोग गर्नुपर्छ, उनीहरूले सुरुआतमै फाइदा लिन सक्दैनन् वा सहरमा हुने ग्रिड प्रणाली विकासबाट पछि पर्ने खतरा हुन्छ ।'

सत्रको सहजकर्तासमेत रहेका एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापक शोभाकर ढकालका अनुसार स्वच्छ ऊर्जाको सदुपयोग भनेको सौर्य, वायु, जलविद्युत्, भू-तापीय र बायोमासजस्ता नवीकरणीय ऊर्जा स्रोतको उपयोग गरी समाजलाई ऊर्जा प्रदान गर्ने, जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने, जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने र दिगो विकास हासिल गर्ने लक्ष्य राखेको एक विश्वव्यापी प्रयास रहेको बताए ।

## सीप मेलाका लागि आवेदन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सीप मेला २०८२ का लागि आवेदन आह्वान गरेको छ । यही जेठ ७ गतेदेखि सञ्चालन हुने मेलामा १० क्षेत्रका ३४ क्षेत्रसँग सम्बन्धित विषयमा तालिम सञ्चालन हुने सीप मेला कार्यान्वयन समितिका संयोजक इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए ।

सरकारी निकाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र तथा दातृ निकायसँग सहकार्य गरेर तालिम नि:शुल्क प्रदान गर्ने तयारी रहेको पनि झाले जानकारी दिए । यस वर्ष २०८२ जनालाई नि:शुल्क तालिम दिने लक्ष्य कामपाको छ ।

कामपाभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने, ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दा, फरक क्षमता भएका व्यक्ति र यसअघि सडकपेटिमा व्यापार व्यवसाय गरिरहेका व्यक्तिहरूलाई तालिमको प्राथमिकतामा राखिएको पनि कामपाले जानकारी दिएको छ । अठार वर्षदेखि ५८ वर्ष उमेर समूहका नेपाली नागरिकलाई तालिममा सहभागी गराइनेछ ।

दश वटा क्षेत्रका ३४ विधामा प्रदान गरिने तालिमको सञ्चालन अवधि ३० दिनको हुनेछ । दैनिक छ वटा कक्षा सञ्चालन गरेर १०० घण्टा तालिम दिइनेछ । आइसिटी क्षेत्रमा डिजिटल मार्केटिङ, ड्रोन, रोबोटिक्स, फाइबर अप्टिक्स टेक्निसियन, बौद्धिक कृतिमता (एआइ) र यसको प्रयोग (एआइ एण्ड इट्स एप्लिकेसन) गरी पाँच विधाका तालिम हुनेछन् । स्पेशल एविलिटी सपोर्ट स्किल (साउन सिन्ड्रोम, अटिजम) मा हाउस किपिङ (पिडब्लुडी) र केयर सर्भिस गरी दुई वटा विधाका तालिम चल्नेछन् । इलेक्ट्रिक्समा ल्यापटप रिपेयर टेक्निसियन, एसी एण्ड रेफ्रिजेरेटर, सिसिटिभी रिपेयरिङ, मोबाइल रिपेयरिङ गरी चार विधाका तालिम हुने छन् ।

गार्मेन्टमा गार्मेन्ट फेब्रिकेटर र बेसिक फेसन डिजाइनिङ गरी दुई विधामा तालिम हुनेछन् । कन्स्ट्रक्सनमा इलेक्ट्रिसियन, प्लम्बिङ, मेसन, वेल्डिङ र कार्पेन्ट्री गरी पाँच विधामा तालिम हुनेछ । हस्पिटालीटिमा बारिस्ता, वेटर, फास्ट फुड र बेकरी गरी चार विधामा तालिम हुनेछ । अटोमोबाइल्समा इलेक्ट्रिक भेहिकल (इभी) मेन्टिनेन्स, हलुका सवारीसाधन उपकरण मर्मत (लाइट भेहिकल मेसिन), विद्युतीय र इन्धनबाट चल्ने मोटरसाइकल र स्कुटर मर्मत गरी तीन विधामा तालिम सञ्चालन हुनेछ । आर्ट एण्ड स्कप्चरमा थाङ्का, सेरामिक्स (टेराकोटा) गरी २ विधामा तालिम हुनेछ । ज्योतिष र पुरोहितको पनि तालिम चल्नेछ ।

कृषिमा फूलको सजावटसम्बन्धी तालिम हुनेछ । सौन्दर्यकर्मी, मेकअप एण्ड हेयर, नेल टेक्निसियन, कपाल काट्ने र स्टक मार्केट तालिम हुने छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ